# जीवित परमेश्वरको सत्य मण्डलीको पाँच निश्चित पहिचानहरू

धन्यवाद तपाईलाई, भाई नेभिल, प्रभुले तपाईलाई आशिष दिनुभएको होस्। आज राति यहाँ हुन पाउदा निश्चय पनि यो मेरो लागि शौभाग्यको कुरा हो। म अत्यन्त खुसी छु कि परमेश्वरले हामीलाई यो गर्नको निम्ति अनुमति दिनुभयो। म क्यामराको अगाडि थोरै शर्माउने मान्छे हुँ। मलाई...अगाडि बढ्नुस्, तिनीहरुलाई लिनुस्। त्यो सब ठिक छ। म केवल त्यसलाई हेर्छु। म त्यस कुरामा सचेत हुन्छु। र त्यो सबै ठिक छ। यो सबै ठिक छ। अब, बरु न्यानो छ। हामीले प्रभुबाट दुइटा अद्भूत संदेशहरु पायौ। र आज राती म यो सोच्दैछु, यो देख्दै कि...

2 धेरै जसो मेरा मित्रहरु यहाँ हुनुहुन्छ जो धेरै टाढाबाट यात्रा गरेर आउनुभएको छ, ती मध्ये केहि तल धेरै तल केन्टकिबाट आउनुभएको छ। भाई वेल्च इभान्स र उहाँको परिवारलाई यहाँ देखे जो यहाँ टिफ्टन, जोर्जियाबाट आउनुभएको छ। मैले ती मानिसहरुलाई भेटे जो क्यालीफोर्नियाबाट आउनुभएको छ। त्यहाँ कोहि हुनुहुन्छ जो जर्मनी र अन्य भिन्न ठाउँहरुबाट हुनुहुन्छ, यो सानो ठाउँमा आउनुभएको छ, प्रभूको सेवाको लागि। र मैले बहिनी नेली कक्सलाई पनि देख्दैछु। मलाई लाग्छ उहाको सासू आमा र तिनीहरु यहाँ हुनुहुन्छ। जो शायद आज राती धेरै मिल टाढा केन्टकि, जोर्जिया, तल त्यहाँ टेनेस्सीबाट, माथि ओहाईयोसम्म जानुहुन्छ, मेरा मित्रहरु यहाँ। यहाँ एउटा मित्र हुनुहुन्छ, भाई टेड डुडले, जो टाढा फिनिक्स, एरिजोनाबाट आउनुभएको छ। यहाँ ती मित्रहरु धेरै जना हुनुहुन्छ, अन्यहरु, यदि मैले उहाँहरुको नाउँ लिनसके, जो आज मलाई भेट्न यहाँ आउनुभएको छ। नब्बे प्रतिसत जति उहाँहरुको हात छुनसमेत मैले पाएको छुइन। म मेरा मित्रहरु जो सिकागो, र चारैतिर बाट आउनुभएको देखेको छु। कतिजना मानिसहरु जो यो शहरभन्दा बाहिरबाट आउनुभएको छ, तपाईहरुको हात उठाउनुहोला। नब्बे प्रतिसत स्रोताहरु, अब, यो विविध मित्रहरु जो चारैतिर देशको विविध मण्डलीहरुबाट आउनुभएको छ।

3 र यस बिहान मैले लामो समयसम्म प्रचार गरे, विरामीहरुको लागि एक

बजेर तिस मिनेटसम्म प्रार्थना गरे, त्यसैले मेरो स्वर थोरै फाटेको छ। र त्यहाँ जानको लागि अगाडि मैले केहि बेर प्रचार गर्नुपर्छ, जसलाई हामी के भन्छौ, दोश्रो गियर।

4 भाई ली भेल त्यहाँ हुनुहुन्छ, मैले उहाँसंग हात मिलाउने बाहेक केहि गरेको छैन, जो मेरो मित्रहरु मध्ये एक हुनुहुन्छ; जो ब्याप्टिष्ट चर्च, ओहाईओको हुनुहुन्छ।

5 के तपाई बेन होइन? [भाई बेन ब्रायन्टले भन्नुहुन्छ, "आमेन।"—सम्पा।] अहिलेसम्म तपाईले "आमेन" भन्नुभएको मैले सुनिन, नभए मैले तपाईलाई चिन्नेथिए। सबैले भाई बेनलाई चिन्नुहुन्छ। र मलाई थाहा छ उहाँ शहरी क्षेत्रबाट बाहिर जानुभएको थियो, त्यसैले मलाई केवल थाहा थिएन... भाई बेन अहिले तपाई कहाँबाट आउनुभयो? ["अँ, हामीहरु उत्तरी बोर्डेन, इन्डियानाबाट भाई।"] बोर्डेन, इन्डियाना।

6 तपाईहरु सबैलाई यहाँ पाउदा हामी एकदम खुसी छौ। र अब म तपाईहरुलाई धेरै लामो समयसम्म राख्न चाहन्न, किनभने फेरी लामो दूरी तपाईहरुले यात्रा गर्नुपर्छ। तपाईहरु हरेकलाई आज राति मसंग मेरो घरमा लाने चाहना थियो। मैले साच्चै नै भन्दैछु। आज बिहान लगभग तिन, या तिन र चार बजेको विचमा यहाँबाट निस्किन पर्नेछ, र मैले—मैले तपाईहरुलाई संगै लान सके खुसी हुनेथिए। म मेरो अर्कान्सासबाट आउनुभएको मित्र र उहाको श्रीमतीलाई देख्न सक्छु। के तपाई त्यहि मानिस होइन जो हामी...जसलाई प्रभुले बोल्नुभयो र यी यहाँको कुराहरु त्यस रातमा भन्नुभयो? मलाई लाग्छ तपाई हुनुहुन्थ्यो। मैले वरपर हेर्दा, तपाईले नया र पुराना मित्रहरु देख्नुहुन्छ। त्यसैले, परमेश्वरले मेरो हृदयको यो नियतलाई जान्नुहुन्छ, कि तपाईहरुलाई देख्न चाहन्छु, र तपाईहरुलाई मेरो घरमा लगेर कुराकानी गर्न मन पराउछु। तर एकदिन हामीहरु त्यसो गर्नेछौ, जहाँ हामीले यो भन्न पर्ने छैन, "हामीहरुले चाडो गर्न पर्नेछ। गएर बालबच्चा लिन जान पर्नेछ। कोहि बिमारी छ।" त्यसबेला त्यस महान् दिनमा ती सबै अन्त्य हुनेछ। म आशा गर्छु कि हामीहरु अझै धेरै पटक भेट्नेछौ।

7 अब, मेरो नियत यो छ कि, म अहिले प्रभुमा प्रतिक्षा गर्दै गर्दा, मेरो दिशा मैले भेट्टाउन सकूँ। अब, मंगलबार, मेरो जीवनमा आवश्यक परेको भन्दा धेरै मलाई प्रार्थनाको अत्यन्त खाचो हुनेछ। म तपाईहरुलाई निवेदन राख्दछु कि मेरो लागि प्रार्थना गरिदिनुहोस्। [सभाले भन्छन्, "आमेन।"—

सम्पा] म—मलाई तपाईहरुको प्रार्थनाको आवश्यक छ। मेरो निम्ति अवश्य प्रार्थना गर्नुहोला। जुन तरिकामा आउने मंगलबार हावा बदल्दछ, त्यो मेरो लागि र मण्डली र ख्रीष्टको कारणको लागि ठूलो कुरा हुनसक्छ। त्यसैले मेरो निम्ति प्रार्थना गर्नको लागि निश्चित गर्नुहोला।

8 अब, जबसम्म म कुन दिशा तर्फ जाने र के गर्ने कुरा पत्तो पाउदिन, तबसम्म म प्रभुमा पर्खिरहन्छु। त्यस दौरानमा, म यहाँ मण्डलीको आसपास हुनेछु, भित्र र बाहिर, प्रचार गर्दै, विमारीको लागि प्रार्थना गर्दै, र मैले गर्न सक्ने कुनै पनि काम गरिरहेको हुनेछु। यदि सरकारले रोक्दैन भने हामीहरु यहाँ एउटा मण्डली निर्माण गर्न चाहन्छौ, एउटा राम्रो मण्डली जहाँ हामीसंग धेरैजना बस्न मिल्ने क्षमता हुनेछ, एउटा मूख्य सभाकक्ष, र बार्दली, र त्यस्तै अन्य कुराहरु हुनेछ, त्यसैले त्यो एकदमै राम्रो मण्डली हुनेछ, एयर–कन्डिसन, ताकि मानिसहरुले आराममा बस्न सकून्, सेवाहरु सुन्न सकून्, यदि सरकारले हामीलाई स्वीकृति दिए भने। हामी त्यसको आशा राख्छौ। अब, हाम्रो निम्ति प्रार्थना गरिदिनुहोस्।

9 र अब, आजराति, हामीहरु त्यस विषयतर्फ लम्किनेछौ जुन मैले वाचा गरेको थिए यस विहानीमा, प्रभुको इच्छा भए, आज राति यसमा बोल्नेछु। र यो धेर–थोरै मेरो आवाजको कारणले शिक्षाको रूपमा हुनेछ। आज राति म यस शिर्षकमा बोल्न चाहन्छु: *जीवित परमेश्वरको सत्य मण्डलीको पाँच निश्चित पहिचानहरू।* साचो मण्डलीको पाँच निश्चित प्रामाणिकता, या पहिचानहरु।

10 अब, यस महान् र शक्तिशाली विषयमा जानभन्दा अगाडि, म प्रार्थनाको लागि एक शब्द माग्न जाँदैछु। म हाम्रो पाष्टरलाई माग्न जाँदैछु, भाई नेभिल, परमेश्वरको वचनको लागि उहाँ आएर प्रार्थना गरिदिनको लागि भन्न चाहन्छु। हामीले पल्टाउदै गर्दा, हामी सबैजना, सन्त मत्ती, १६ औ अध्याय, १८ औ पद, सन्त मत्ती १६:१८ बाट शुरू गर्न, भाई नेभिलले सान्त्वनाको प्रार्थनाको निम्ति तयारी गर्दै गर्दा हामी यो गर्नेछौ।

[भाई ओर्मन नेभिलले सो प्रार्थना गर्नुहुन्छ—सम्पा]

["हाम्रो स्वर्गीय पिता, हामीहरु आज राति यसको लागि धन्यवादि छौ, यो अर्को शौभाग्य र अवसरको लागि जुन तपाईले हामीलाई प्रदान गर्नुभयो, तपाईको महानताद्धारा, अनन्त अनुग्रहका साथ। हामीहरु आजराति यस खिचाव र पवित्र आत्माको अगुवाईको निम्ति आभारी छौ। हामी कदर

गर्दछौ, हाम्रो परमेश्वर, कि तपाई त्यो परमेश्वर हुनुहुन्छ जो हामी भित्र र हामीसंग यस संसारको अन्त्यसम्म रहनलाई तल आउनुभयो।"] हो।

["पिता, भोलिका महा समस्याहरु र परिक्षाहरु तबसम्म केहि पनि होइन जस्तो देखिन्छ जबसम्म हामी तपाईको हात थाम्न सक्छौ र त्यसद्वारा तपाईसंग हिड्न सक्दछौ।"] साचै नै प्रभु। ["हामी प्रार्थना गर्दछौ, प्रभु, कि तपाईले हामीलाई एउटा गहिरो बसेको सान्त्वना दिनुहुनेछ, एउटाले अर्कोलाई, यो जानेर कि तथापि एउटा गहिरो परिक्षा र कठोर जाँचको छौ, कि हामी पनि यी दिनहरु मध्य एकदिन यी परिस्थितिहरुबाट भएर जानू पर्दछ। परमेश्वर हामीमा येशूको आत्मा हामीलाई दिनुहोस्, जबसम्म हामी एक अर्काको लागि पर्याप्त महसूस गर्दैनौ, जबसम्म हामीबीच एकता महसूस गर्दैनौ, जबसम्म हामी तपाईलाई एकसाथ सेवा गर्न सक्दछौ।"] हो।

["पिता हामी तपाईलाई राति धन्यवाद दिदछौ यो अर्को शौभाग्य प्रदान गर्नुभएको निम्ति, तपाईको दासको शिक्षा मुनि बस्न पाएको निम्ति, जसलाई तपाईले नियुक्त गर्नुभयो र जसलाई तपाईले यस पदको निम्ति चुन्नुभयो"] धन्यवाद। ["जसमा तपाईले सक्षमता देखि हामीलाई यस सेवकाईमा रहन र यस सेवकाईको लाभहरु लिने विशेषअधिकारको अनुमति दिनुभयो। उहाँलाई र हामीलाई, दुवैलाई आशिष दिनुहोस्...यस सेवाकाईद्वारा जुन उहाँमाथि छ।"] यसलाई प्रदान गर्नुहोस्। हो।

["पिता हामी प्रार्थना गर्छौं कि जसै यी दिनहरु जुन आउने हप्तामा भईरहेको छ, जब हामी तपाईलाई अहिले हिमायतको रूपमा पुकार गर्दछौ, आफ्नो हृदयहरु भित्र भनेर, 'परमेश्वर, तपाईले भन्नुभएको छ कि जे पनि कुरा हामीले भन्नेछौ, त्यो यहाँसम्मकि हामीले भनेको जस्तै हुनेछ, यदि हामीले विश्वास र भरोसा गर्छौं र तपाईको पालना गर्छौं।' त्यसै कारणले, प्रभु यी आउदा दिनहरु जुन हाम्रो भाईको निम्ति परिक्षाको समय हुदैछ, हाम्रो भाई तपाईको दासलाई। ओ परमेश्वर, हामी उहाँलाई तपाईको हातमा समृद्ध रूपमा येशूको नाउँमा सुम्पिन्छौ, र प्रार्थना गर्दछौ कि तपाईले उहाँलाई एउटा स्वर्गीय सुरक्षा र आशिषले ढाक्नुहुनेछ जुन उहाँले पहिले कहिल्यै थाहा पाउनुभएको थिएन।"] यसलाई प्रदान गर्नुहोस्, प्रभु। गर्नुहोस्, प्रभु।

["मेरो परमेश्वर, हामी प्रार्थना गर्छौं कि तपाईले ती सबै बौद्धिक शक्तिलाई दबाउनुहुनेछ जुन उदाउन खोज्दछ, जो उठ्ने या पलटने कोशिष गर्दछ।"] यसलाई प्रदान गर्नुहोस्, प्रभु। ["हुनसकोस् कि उहाको

मुखारबिन्दु विवेकका वचनहरु संग खोलिएको होस्, जब त्यहाँ बोल्ने कुनै पनि अवसर हुदछ।"] हो, प्रभु। ["ओ प्रभु, हामी तपाईलाई धन्यवाद दिन्छौ, हाम्रो परमेश्वरलाई, कि तपाईले हर युगहरुमा तपाईको दासहरुलाई एउटा प्रावधान बनाउनुभएको छ।"] हो। ["र पवित्र आत्मा मौखिक भाषणमा पर्याप्त हुनुभएको छ जो शिक्षित र बौद्धिक मानिसहरुको उपस्थितिमा खडा हुदछ।"] हो, प्रभु।

["हामीहरु माग्दछौ हाम्रो पिता, कि हामीलाई विनम्रता र कोमलताका साथ तपाईको अगाडि हिड्न दिनुहोस्, ओ प्रभु येशू। हामीलाई केवल तपाईको इच्छा पुरा गर्न दिनुहोस् र तपाईको उपस्थिति महसूस गर्न दिनुहोस्। हामी संग अहिले हुनुहोस्। र, ओ परमेश्वर, हामी प्रार्थना गर्दछौ कि तपाई हामी भित्र पूर्ण रुपमा प्रशंसित हुनुहुहोस, तबसम्म गर्नुहोस् जब यो आउछ, जबर्जस्ती रूपमा होइन, तर प्रशंसा हामीबाट अभिषेकको साथ आउदछ।"] ओ परमेश्वर!

["ओ मेरो प्रभु, आज राति, यस दिनलाई पूर्ण गर्नुहोस् जहाँ तपाई आउनुभएको छ र विरामीहरुलाई निको पार्नुभएको छ, र हराएकाहरुलाई उद्धार गर्नुभएको छ, र हामीसंग अशुद्धहरुको हृदय पवित्र पार्नको लागि रहनुभएको छ।"] हो!...?...["अब, प्रभु, यस सेवालाई तपाईले लिनुहोस् र हाम्रो भाईको घाटिलाई आशिष दिनुहोस्। र वचनलाई आशिष दिनु जसै त्यो बग्दछ। हुनसकोस् कि हामीमा लिनचाहने हृदयहरु र मनहरु भएको होस्। र, ओ परमेश्वर, अब यसको लागि हाम्रो प्रशंसाहरु स्वीकार गर्नुहोस्, येशूको नाउँमा। आमेन र आमेन।"] आमेन।

11 के यसले लिने जत्ति सबै खण्ड त्यसल पाएको छ? के त्यो सबै चलिरहेको छ? यो सबै चलिरहेको छ? [कसैले भन्छ, "यो सबै चलिरहेको छ।"—सम्पा] के यहि माईक हो, सहि माईक हो? ["दुइटै हो"] के तपाईहरुले मलाई ठिकसंग सुन्दै हुनुहुन्छ? पछाडि पछाडि, के तपाईहरुले मलाई सुन्नसक्नुहुन्छ? ["आमेन।"] ठिक छ। राम्रो।

12 म मत्तीको पुस्तकबाट पढ्न चाहन्छु, १६ औ अध्याय र १७ औ पद।

*येशूले तिनलाई भन्नुभयो, "योनाको छोरा सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो।"*

*म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरु त्यसमाथि विजयी हुनेछैनन्।*

13 परमेश्वरले उहाको वचनमा आशिष थपिदिनुभएको होस्। *मण्डली* शब्द, यी मध्ये हरेक विषयहरु जुन मैले आज राति रोजेको छु, जसमा म तपाईहरु माझमा बोल्न जानेछु, ती मध्ये एक चाहि: मण्डली के हो? यो कसले तयार गर्यो? यसको संदेश के हो? हामी कसरी यसको सदस्य बन्न सक्छौ? र हामी स्वर्गमा यसको सदस्य नभईकन जान सक्छौ?

अब यी मध्ये हरेक पाठ घन्टौसम्म जान सक्छ, पछाडि र अगाडि गर्दै। तर म केवल केहि मूलभूत बिन्दूहरुमा मात्र हान्न चाहन्छु, यो देखाउनको निम्ति कि साचो मण्डली के हो। र, अब, तपाईहरुको बाईबल आफुसंग भएको म चाहन्छु।

14 अब, पहिलो ठाउँ, *मण्डली* शब्द आफैको अर्थ, “बोलाई–निकालिएको” हो।

अब, इस्राएल परमेश्वरको *मण्डली* तबसम्म थिएन जबसम्म तिनीहरु मिश्रमा थिए। तिनीहरु परमेश्वरका *मानिसहरु* थिए। र त्यसपछि जब परमेश्वरले तिनीहरुलाई मिश्रबाट बाहिर बोलाउनुभयो, तिनीहरु परमेश्वरको *मण्डली* भए, किनभने तिनीहरु “बोलाएर–निकालिएका थिए।”

त्यो अझै पनि आज उस्तै नै रहेको छ। *मण्डली* शब्दको अर्थ “बोलाएर–निकालिएकाहरु” तिनीहरुहरु जो बोलाएर निकालिएका छन्, अलग्याईएका छन्, फरक बनाईएका छन्।

15 अब, पुरानो नियमको बेलामा, चिनिएको मण्डलीलाई “परमेश्वरको राज्य” भनिन्थ्यो, परमेश्वरको राज्य। अब, मैले यो बाईबलको कालक्रमबाट लिएको हुँ। पुरानो नियमको बेलामा, चिनिएको मण्डलीलाई “परमेश्वरको राज्य” भनिन्थ्यो। अर्को शब्दमा भन्दा, परमेश्वर राजा हुनुहुन्छ, र मण्डली उहाँको शासन क्षेत्र। “परमेश्वरको राज्य” पुरानो नियममा।

16 नया नियममा, यसलाई “मशिहको साम्राज्य।” ओ, मलाई त्यो मन पर्छ, मशिहीको। अर्को तरिकामा, “मशिहको साम्राज्य,” जहाँ मशिहले राज र शासन गर्छन्। कुनै संगठित संस्थाको बाधा छैन या केहि छैन, मशिहले आफ्नो साम्राज्यमा उहाँ आफैले शासन गर्नुहुन्छ। के त्यो अद्भूत विचार होइन? मशिही साम्राज्य। त्यसै कारणले, मण्डली एउटा संस्था होइन,

मण्डली मानिसको जमात होइन। मण्डली परमेश्वर *का* मानिसहरु हुन् जो संसारबाट बोलाईएका छन्, अर्को राज्यमा सेवा गर्नको लागि।

17 यो उद्वृध रहनेछ। केहि महिना अगाडि, श्रीमती र म शपिंग सेन्टरमा जादैथियौ। र हामीले अजिब कुरा पायौ, त्यहाँ सडकमा एकजना महिला हुनुहुन्थ्यो, जसले स्कर्ट लगाउनुभएको थियो। कठिन छ पाउन, तपाईले विश्वास गर्नुहुन्न होला, तर हामीले वास्तवमा एउटा भेट्टायौ। र श्रीमतीले मलाई भनिन्, "अँ, त्यहाँ हेर।"

18 मैले भने, "उनी एउटा इसाई हुनुपर्छ। उनी यति अलग थिईन्।" यो शर्मनाक कुरा हो।

19 तब प्रश्न उठ्यो, "किन यस्तो, बिल, कि हामी, एउटा इसाईको रूपमा, र यो विश्वास जुन हामी भरोसा गर्छौं, किन हामी हाम्रा महिलाहरुलाई यस्ता लुगा लगाउन, त्यस तरिकामा व्यवहार गर्न विवश गराउछौ? के अरु मण्डलीका मानिसहरु? तिनीहरुले त्यस्तो तरिकाको लुगा लगाउछन्, अनैतिक लुगाहरु, र किन यस्तो? तपाईले भन्न सक्नुहुन्न कि तिनीहरु अनैतिक थिए।"

20 मैले भने, "त्यो सत्य हो। मैले कसैको न्याय गर्न सक्दिन। तर, तिनीहरुलाई हेर्नमा, 'तिनीहरुको फलद्वारा तिनीहरु चिनिन्छन्।' तिनीहरुले वास्तवमा अपराध नगर्नसक्लान्, तर तिनीहरुमा एउटा आत्मा छ जसले तिनीहरुलाई अनैतिकतातर्फ डोहोर्याउछ।"

21 अब, येशूले भन्नुभयो, "जो कसैले एउटा स्त्रीलाई कुदृष्टिले हेर्दछ, त्यसले आफ्नो हृदयमा त्यस स्त्री संग व्यविचार गरिसकेको छ।" अब, जब त्यस पापीले व्यविचारको पाप गरको कारणले उत्तर दिन पर्छ, को चाहि दोषी हुनेछ? त्यस स्त्री जसले आफैलाई त्यसरी प्रस्तूत गरिन्। सच्चरित्रको सम्बन्धमा तपाई लिली फूल जस्तै शुद्ध हुनुहुन्छ होला। तर यदि तपाईले मानिसहरुको अगाडि आफैलाई त्यसरी प्रस्तूत गर्नुहुन्छ, अनैतिक तरिकामा, यद्धपि तपाई क्रियाकालापमा निर्दोष हुनुहुन्छ, तपाईले एउटा पुरुषलाई तपाईको बारेमा दुष्ट सोच्नको लागि कारण दिनुभयो, जब त्यो तपाईको गल्ति हो। येशूले भन्नुभयो तपाई "व्यविचार" गरेकोमा दोषी हुनुहुनेछ। र, "व्यविचारी कहिल्यै पनि स्वर्गमा प्रवेश गर्नेछैन।"

22 तर, म संसारभरी यात्रा गर्दा, मैले पाए कि हरेक राष्ट्रको आफ्नै आत्मा हुन्छ। र सबै राष्ट्रहरु दुष्टले नियन्त्रण गरेको छ। सबै सरकार शैतानद्वारा

शासित छ। बाईबलले त्यसो भनेको छ। तिनीहरु लड्छन्, तिनीहरु युद्ध गर्छन् र तिनीहरुले त्यसो येशू आउनेबेलासम्म गरिनै रहनेछन्, र त्यसपछि उहाँले एउटा राज्य बसाल्नुहुनेछ जहाँ युद्ध हुनेछैन। तर शैतानले भनेको थियो कि संसारको सबै राज्यहरु उसको हो, र त्यसले तिनीहरुसंग त्यसले जे चाहेको त्यहि गर्दछ, ठिक येशू ख्रीष्टको सामुन्ने गर्दछ। र तिनीहरु सबै शैतानको यन्त्रहरु हुन्, शैतानको राज्यहरु हो। शैतानले येशूलाई भनेको थियो, “म ती सबै तपाईलाई दिनेछु यदि तपाई निहुरेर मलाई दण्डवत गर्नुहुन्छ भने।”

23 येशूले जान्नुहुन्थ्यो कि उहाँ तिनीहरुको लागि हजार वर्षको राज्यमा उत्तराधिकारी हुनुहुनेछ, त्यसैले उहाले भन्नुभयो, “यहाँबाट जा, शैतान।” उहाँलाई थाहा थियो कि परमेश्वरले उहाँलाई ती सबै राज्यहरु दिनुहुनेछ, र तिनीहरु उहाँको हुनेछन्, र तिनीहरु सबै एकै राज्य हुनेछन्।

24 जब तपाई जर्मनी जानुहुन्छ तपाईले जर्मनको आत्मा पाउनुहुन्छ, तपाई इंग्ल्याण्डमा जानुहोस्, तपाईले इंग्लिस आत्मा पाउनुहुन्छ। तपाई स्वेडनमा जानुहोस्, तपाईले एउटा स्वेडिस आत्मा पाउनुहुन्छ। तपाई फ्रान्समा जानुहोस्, तपाईले एउटा फ्रेन्च आत्मा पाउनुहुन्छ। तपाई अमेरिकामा आउनुहोस्, तपाईले एउटा अमेरिकी आत्मा पाउनुहुन्छ।

25 म स्यान एन्जेलो, रोममा, केहि समय पहिले रहेको थिए, र क्याटाकम्ब हेर्न चाहन्थे। र आश्चर्य रुपमा, र एउटा दुर्वाच्य, एउटा अमेरिकी भएकोले, क्याटाकम्ब ढोकाको अगाडि उभिदै गर्दा जहाँ तपाई भित्र जानुहुन्छ, भन्यो, “अमेरिकी महिलाको लागि: कृपया कपडा लगाउनुहोस् र यहाँ प्रवेश गर्नुभन्दा पहिले मरेकोलाई आदर गर्नुहोस्।” जब एउटा देश त्यति तल गिर्छ, त्यो भयानक थियो, जब हामी त्यस ठाउँमा पुगेका थियौ। त्यसैले तपाईले देख्नुभयो, किनभने...

मैले एउटा महिलालाई एकपटक सोधेको थिए, “के तपाई एउटा इसाई हुनुहुन्छ?”

26 उनले भनिन्, “म एउटा अमेरिकी हुँ। अवश्य पनि म हुँ।” त्यसको यससंग केहि संबन्ध नै छैन।

27 भाई बोस्वोर्थले एक, एक रात सोध्नुभयो, भन्नुभयो, “के तपाई एउटा इसाई हुनुहुन्छ, बहिनी?”

28 भनिन्, “म तपाईलाई बुझ्नको लागि केहि भन्छु, म हरेक रात मैन बत्ति बाल्छु।” जस्तो कि त्यसको इसाईत्वसंग कुनै संबन्ध थियो जस्तो, एउटा मैन बत्ति जलाउने कुरामा। इसाईत्वले त्यो खालको त्यस्तो कुनै कुरा ओगट्दैन। र परमेश्वरको मण्डलीले त्यस्तो बनावटी कुनै कुरा राख्दैन।

29 अब, के कुराले महिलाहरुलाई...हामीले कहिल्यै पनि ती कुराहरु गर्नको लागि स्त्रीलाई बाध्य गर्दैनौ। हामीले हाम्रा पुरुषहरुलाई नापिउनको लागि या शपथ नखानको लागि बाध्य गर्दैनौ। हामीले केवल सुसमाचार प्रचार गर्छौं, र बाईबलको ढाँचा राखिदिन्छौ। धेरै पुरुषहरु जो पेन्टिकोष्टल विश्वास र होलिनेस विश्वासमा आउछन्, भित्र आउछन् र दावी गर्छन्, जबकि तिनीहरु आफ्नो हृदयमा त्यो होइनन्। धेरै स्त्रीहरुले पनि त्यहि नै गर्छन्। हामीले तिनीहरुलाई भन्दैनौ कि तिनीहरुले यो गर्नुपर्छ। हामीले त केवल तिनीहरुलाई ढाँचा दिन्छौ। बाईबलले के भनेको छ त्यो भनिदिन्छौ, र यदि तिनीहरु स्वर्गीय आत्माद्वारा जन्म भएका छन् भने, तिनीहरुको आत्मा कुनै अमेरिकीकरण भएको हुदैन, यो कुनै जर्मनीकरण भएको हुदैन। त्यो स्वर्गीयकरण भएको हुन्छ, जहाँ, परमेश्वरको राज्य छ। किनभने, हामीहरु अर्को राज्यमा छौ, परमेश्वरको एउटा राज्यमा, जहाँ नैतिकता, पवित्रता, र शक्ति अस्तित्वमा रहेको छ।

30 हाम्रो राजामा हाम्रो पहुँछ रहेको छ। हामीले जुनै पनि बेलामा बोलाउन चाहेकोमा उहाँसंग हाम्रो अन्तरवार्ता हुन्छ। हामीसंग अर्को कुनै मध्यस्थकर्ता छैन, राजा र हाम्रो माझमा कुनै अर्को मध्यस्थकर्ता छैन, तर केवल एउटा मानिस, ख्रीष्ट येशू हुनुहुन्छ। त्यसैले हामीहरु एउटा राज्यमा रहिरहेका छौ। र त्यसलाई बाईबलको कालक्रम अनुसार, “मशिही, मशिही राज्य।” भनिन्छ। अर्को शब्दहरुमा भन्नु पर्दा, हरेक जीवनमा जहाँ मशिहले उहाँको प्रभुत्वमा राज गर्नुहुन्छ, उहाँको मानिसहरुलाई शासन गर्दै, हरेक जीवनको हिडाईबाट बोलाएर–निकालीएका मानिसहरु, तिनीहरु सबैलाई एकसाथ एक समूहमा भेला गराई, त्यसलाई “उहाँको मण्डली” भनि बोलाउनुहुन्छ या “उहाँको बोलाएर–निकालिएको” भन्नुहुन्छ। के त्यो एउटा सुन्दर कुरा होइन? [सभाले भन्छ, “आमेन।”—सम्पा]

31 अब, इस्राएल तबसम्म परमेश्वरको *मानिसहरु* थिए (हामीले प्रेरित ७:३८ मा पाउछौ, यदि तपाईले त्यसलाई तल राख्नुभएको छ भने) कि त्यसबेला तिनीहरु परमेश्वरको *मण्डली* भनिन्थे, किनभने, तिनीहरु

परमेश्वरद्वारा बोलाईएका थिए, मिश्रबाट बाहिर, संसारबाट बाहिर, अरु मण्डलीहरुबाट बाहिर, धर्महरुबाट बाहिर, परमेश्वरसंग मात्रै हिड्नको निम्ति बोलाईएका थिए।

32 र, अब, परमेश्वरको मण्डली आज उहि हो, संसारको सबै थोकबाट बाहिर बोलाईका, हरेक धर्मको पन्थबाट बाहिर बोलाईएका, हरेक धर्मको संगठनबाट बाहिर बोलाईएका, हरेक धार्मिक संस्थाबाट बाहिर बोलाईएका, परमेश्वरसंग हिड्नको लागि। बिशपद्वारा शासित हुनको लागि होइन, तर ख्रीष्टबाट शासित हुनको लागि, यस मशिही राज्यमा जहाँ हामी जिईरहेका छौ। ख्रीष्ट राजा हुनुहुन्छ। ख्रीष्ट नै एक हुनुहुन्छ।

33 अब, ख्रीष्ट यसको शिर हुनुहुन्छ। ख्रीष्ट यस मशिही राज्यको शिर हुनुहुन्छ। र तपाईले त्यो राज्य संस्थागत गर्नसक्नुहुन्न जसको शिर ख्रीष्ट हुनुहुन्छ। तपाईले त्यो राज्य संगठित गर्नसक्नुहुन्न जसको शिर ख्रीष्ट हुनुहुन्छ। किनभने, ख्रीष्ट राजा हुनुहुन्छ, र तपाईले एउटा बुद्धिजीवी मानिसको ज्ञान लिएर त्यसलाई संस्था बनाउन सक्नुहुन्न जहाँ ख्रीष्टले शासन गर्नुहुन्छ। त्यसैकारणले, कुनै कम्पनी, कुनै मानिस, कुनै मानिसका समूह, जसले परमेश्वरको राज्य संस्थागत गर्न कोशिष गर्छ त्यो राजाको विपरीत जादैछ। र यदि तिनीहरु राजाको विपरीत जाँदैछ भने, त्यो राजाको विरुद्ध हुनेछ। त्यसैले यदि त्यो राजाको विरुद्ध छ भने, त्यो ख्रीष्ट विरोधी हुनेछ। त्यो हल्का रुखो छ। यदि मसंग अझै थोरै आवाज बलियो भईदिएको भए, हामीले त्यसलाई प्रष्ट पार्नेथियौ। त्यो एउटा ख्रीष्ट विरोधी हो। र यदि तपाईले केहि मिनेटको लागि मसंगै रहनुभयो भने, म त्यो प्रमाणित गर्नेछु। ख्रीष्ट विरोधी आत्माले मानिसलाई लिने कोशिष गर्छ र तिनीहरुलाई संस्था देखि संस्थामा बोलाउदछ, तिनीहरुहरुलाई संगै संस्थागत गर्छ, जुन कहिल्यै पनि ख्रीष्टको इच्छा थिएन। यो त्यसमा भएका मानिसहरु होइन, जसमा मैले हानिरहेको छु। यो त्यस संगठित पार्ने आत्मालाई हो जसले मानिसहरुलाई यो सोच्ने बनाउछ कि, “हामी नै मानिसहरु हौँ।”

34 परमेश्वरका मानिसहरु उहाँले बोलाएका मानिसहरु हुन्। म विश्वास गर्छु कि तिनीहरु हरेक संगठित मण्डलीमा छन्। तिनीहरु क्याथोलिक हुनसक्छन्। तिनीहरु प्रोटेष्टन्ट हुनसक्छन्। तिनीहरु यहूदी हुनसक्छन्। तिनीहरु कुनै पनि प्रकारको मण्डली हुनसक्छन्। तर वास्तविक मण्डली येशू ख्रीष्टको रहस्यमय शरीर हो।

35 अब, तपाईले ख्रीष्टको रहस्यमय शरीर संस्थागत गर्न सक्नुहुन्न। अब, हरेक व्यक्ति जो ख्रीष्टमा आउदछ, त्यो संसारबाट बाहिर आउदछ, ख्रीष्टमा आउछ, उहाँको रहस्यमय शरीरमा आउदछ। र तपाई त्यस शरीरको एउटा सदस्य हुनुहुन्छ जब तपाई यस मण्डलीमा ल्याईनुहुन्छ, बोलाईएको र रहस्यमय शरीरमा बप्तिष्मा भएको। तपाईले बुझ्दै हुनुहुन्छ? मेथोडिष्ट होइन, ब्याप्टिष्ट होइन, पेन्टिकोष्टल होइन, नाजरिन होइन, पिल्ग्रिम होलिनेस होइन, क्याथोलिक होइन; तर येशू ख्रीष्टको शरीर हो। जसै हामी यसको गहिरो भागहरुमा जादै गर्नेछौ हामी त्यसलाई केहि मिनेट पछि अरु प्रश्नहरुमा थोरै गहिराईमा लिनेछौ। तर, ख्रीष्टको शरीर मण्डली हो।

36 अब, उहाले यसलाई धेरै दृष्टान्तहरुमा दाज्नुभयो, एउटा पति र पत्नीको रूपमा। उहाँले मण्डलीलाई, "दुलहि" भनि बोलाउनुहुन्छ। र दुलहि र दुलहा दुई अलग व्यक्तिहरु होइनन्, तिनीहरु एक हुन्। "उनी उहाँको मासूको मासू र हाडको हाड हुनुहुन्छ।" र त्यसपछि जब एउटा पुरुष या महिला ख्रीष्टको रहस्यमय शरीरमा पवित्र आत्माद्वारा बोलाईन्छ तिनीहरुहरु यस शरीरको पूर्ण सदस्य बन्दछन् जब तिनीहरु पवित्र आत्माद्वारा भरिदछन्। किनकि, परमेश्वरले आत्मालाई ख्रीष्टबाट बाहिर निकाल्नुभयो, उहाँको शरीर उठाउनुभयो र उहाँको सिंहासनमा स्थापित गराउनुभयो, र ख्रीष्टको रहस्यमय शरीर बनाउनको निम्ति पवित्र आत्मालाई वापस पठाउनुभयो, जुन विवाहको भोजमा एक हुनेछन् प्रभुको आगमनमा। तपाईले त्यसलाई संस्थागत गर्नसक्नुहुन्न। यो एउटा रहस्य हो।

37 येशूले निकोदेमसलाई भन्नुभयो, "बतास जता चाहन्छ उतै बहन्छ। तिमीले भन्न सक्दैनौ कि त्यो कहाँबाट आउछ र त्यो कहाँ जादैछ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।" तपाईले बुझ्न सक्नुहुन्न। त्यो कुनै ठाउँबाट आउछ। र यो मेथोडिष्ट होइन। यो ब्याप्टिष्ट होइन। यो पेन्टिकोष्टल होइन। यो अन्य कुनै संस्था होइन। यो एउटा जन्म हो, परमेश्वरको राज्यमा जन्मेको।

38 अब, यसलाई संस्थागत गर्ने प्रयास गर्नुहोस्, तब यसलाई ख्रीष्ट विरोधीमा ल्याईएको हुन्छ, किनभने कुनै पनि कुरा जुन ख्रीष्टको शिक्षाको विरुद्ध छ त्यो ख्रीष्ट विरोधी हो।

39 अब, त्यसो भए कहाँबाट यो संस्थाको शूरुवात भयो त? येशू, जब उहाँ पृथ्वीमा हुनुहुन्थ्यो, उहाँले कहिल्यै कुनै पनि मण्डली संस्थागत

गर्नुभएन। उहाँले आउनेवाला एउटा मण्डलीको बारेमा बोल्नुभयो, तर उहाँले कहिल्यै पनि कुनै मण्डली संस्थागत गर्नुभएन। अन्तिम प्रेरितको मृत्यु पश्चातको सयौ वर्षसम्म पनि त्यहाँ कहिल्यै पनि मण्डली संस्थागत भएको थिएन। र पृथ्वीमा भएको पहिलो संस्थागत मण्डली जुन थियो, त्यो रोमन क्याथोलिक चर्च थियो। अब, मसंग *प्रि–नाईसिन फादर्स,* फक्स बुक अफ मार्टिर, जोसेफसको लेखहरु, पेम्बरम्यान्स *अर्ली एजेस्,* र अन्य महान् प्राचिन लेखकहरु छन्। अब इतिहासको कुनै पनि पन्नामा कहिल्यै पनि कतै पनि यो लेखिएको छैन, जहाँ रोमन क्याथोलिक चर्च संस्थागत हुनुभन्दा अगाडि कुनै संस्थागत भएको मण्डली रहेको भनिएको छ। र यो संस्था भयो, जुन परमेश्वरको विपरित थियो।

अब, यदि त्यस्तो कुरा आउदैथियो भने...ओ, म चाहन्छु कि म तपाईलाई यो कुरा बुझाउन सकूँ। यदि त्यस्तो कुरा आउदैथियो भने, र यो एउटा ठूलो ख्रीष्ट विरोधी हुँदैछ भने, के परमेश्वरले त्यो पहिले नै जान्नुहुन्नथियो होला, यदि उहाँ अनन्त परमेश्वर हुनुहुन्छ भने? [सभाले भन्छ, "आमेन"—सम्पा] यदि उहाँ अथाह हुनुहुन्छ भने, के उहाँले जान्नुहुन्न थियो यी कुराहरु आउदैछ भनि? र यदि यो यस्तो भयानक कुरा थियो भने, के उहाँले आफ्नो मण्डलीलाई पहिले नै यसकुराको चेतावनी दिनुभएन होला? ["आमेन।"] अब, मलाई आशा छ कि तपाईमा राम्रो समझ छ कि मैले संस्थाहरुमा भएका मानिसहरुलाई होइन, तर संस्था प्रतिको तिनीहरुको प्रवृत्तिमा हिर्काईरहेको छु। त्यो अरु केहि नभएर ख्रीष्ट विरोधी हुनुपर्दछ, तिनीहरु हरेकमा।

40 अब तपाईले भन्नुहुन्छ, "एक मिनेट पर्खनुहोस्, मैले सोचेको थिए तपाईले अरु नभएर केवल बाईबल प्रचार गर्नुभएको थियो।"

41 आउनुहोस् त्यसो भए यसलाई बाईबलले भन्न दिनुहोस्। आउनुहोस् हामी पल्टाऔ र केहि बेरको लागि पढौ। मसंगै पल्टाउनुहोस् प्रकाश, १७ औ अध्याय। यो येशू ख्रीष्टको प्रकास हो, उहाँको मण्डलीको निम्ति, बोलाईएको मण्डलीलाई। प्रकास १७। र हामी यसलाई जति हुन्छ चाडो गर्ने कोषिस गर्नेछौ। तर हामी पढ्दै गर्दा हेर्नुहोस्।

> *...ती सात कचौरा लिने सात स्वर्गदुतहरुमध्ये एक जनाले मकहाँ आएर मलाई भने, यता आऊ, म तिमीलाई धेरै पानीहरुमा बसेकी त्यस महा वेश्यालाई दिईएको इन्साफ देखाउनेछु।*

42 अब, यो सबै सांकेतिक छन्, किनभने यो येशू ख्रीष्टको मोहोर लगाईएको एउटा प्रकास हो। के तपाईलाई त्यो थाहा छ? यो लुकाईएको कुरा हो, र बौद्धिक विचारबाट नभएर केवल आत्माको वरदानहरुद्वारा पवित्र आत्मा मार्फत यो प्रकास गरिदछ। "बुद्धिमता यसैमा छ: जसको समभ्क छ त्यसले त्यस पशुको संख्या जोडोस्। जसको समभ्क छ, जोसंग समभ्कको वरदान छ, त्यसले *यसो* गरोस्, त्यसले *त्यसो* गरोस्।" र यो नै प्रकास हो।

43 अब, कसैलाई थाहा छ एउटा स्त्री बाईबलमा कुन बेला संकेत गरिएको छ, यसले मण्डलीलाई जनाउछ। ख्रीष्टको मण्डलीलाई "दुलहि" भनिन्छ। पावलले भनेका थिए, "म तिमीहरुलाई एउटा कन्याको रूपमा ख्रीष्टसंग मगनी गरिदिन्छु।"

44 अब यहाँ हामी एउटा महान् स्त्रीको बारेमा कुरा गरिरहेका छौ जो एउटा अनैतिक स्त्री हो। "यता आऊ र म तिमीलाई देखाउनेछु," स्वर्गदूतले यूहन्नालाई त्यसो भने, "म तिमीलाई धेरै पानीहरुमा बसेकी त्यस महा वेश्यालाई दिईएको इन्साफ देखाउनेछु।" अब "धेरै पानीहरुमा बसेकी स्त्री" एकदम रहस्यमय खालको सुनिन्छ, तर यो सबै यहाँ छ। बाईबलले यसलाई व्याख्या गर्छ।

अब आउनुहोस् १५ औ अध्यायमा पल्टाऔ, ताकि हामीहरु...या १५ औ पद, उहि अध्यायको, तपाईले देख्नसक्नुहुन्छ "पानी" को अर्थ के हो भनि।

> *ती स्वर्गदूतले मलाई भने, "तिमीले देखेका ती पानीहरु, जहाँ त्यो वेश्या बसेकी छे, ती चाँही मानिसहरु, भिडहरु, जातिहरु र भाषाहरु हुन्।"*

45 त्यसैकारणले, त्यो *पानीहरु* जहाँ त्यस स्त्री बसेकी छे, त्यस स्त्रीले, "जातिहरु, मानिसहरु, भिडहरु, र भाषाहरु" माथी त्यसको नियन्त्रण रहेकोछ। त्यसले सबैलाई नियन्त्रण गरेको छ; एउटा स्त्री, एउटा वेश्या स्त्री।

अब, यदि एउटा स्त्री वेश्या छे, यदि हामीले सुन्छौ कि एउटा स्त्रीलाई त्यस रूपमा बोलाईन्छ, एउटा स्त्रीलाई, हामी जान्दछौ कि त्यो स्त्री आफ्नो श्रीमान् प्रति सच्चा थिईनन्। त्यहि नै हो जे त्यसलाई बोलाइन्छ। तब त्यस स्त्री एउटा पुरुष प्रति सच्चा जिएको नाटक गर्छे, र त्यस पुरुष प्रति सच्चा जिएकी चाहि हुदिनन्। के यो सत्य हो? [सभाले भन्छ, "आमेन।"—सम्पा]

त्यसपछि यो त्यस मण्डली हो जसले ख्रीष्टलाई आफ्नो श्रीमान् भन्दछ, र त्यसको सिद्धान्त ख्रीष्टको शिक्षाको विपरित छ। त्यस स्त्री एउटा वेश्या हो। र त्यसले मानिसहरु र भिडहरु र जातिहरुलाई आफ्नो काबूमा राखेकी छे। "यता आऊ म तिमीलाई त्यस महा वेश्यालाई दिईएको इन्साफ देखाउनेछु।" अब हामीले चित्र पाएका छौ।

*त्यससंग पृथ्वीका राजाहरुले व्यविचार गरेका छन्, र पृथ्वीका बासिन्दाहरुले त्यसका व्यविचारका मद्यले मातेका छन्।*

46 *व्यविचार* के हो? "अशुद्धता, अशुद्ध हुनु।" त्यस स्त्री एउटा वेश्या हो। त्यसमा अशुद्धता छ, र सबै संसारका धनि मानिसहरु, राजाहरु र देश र भिडहरुका महान् मानिसहरुले त्यससंग व्यविचार गरेको छ, त्यसको दुष्टता लिएको छ। तपाईले देख्नुहुन्छ यो कता आईरहेको छ, होइन र? [सभाले भन्छन्, "आमेन"—सम्पा] बुझ्नुभयो?

47 अब, यो लेख्नुमा म जिम्मेवार छुईन, तर म जिम्मेवार हुन्छु यदि मैले यो शिक्षा दिईन भने। अँह। हामीहरु *मण्डलीको* विषयमा अहिले बोलिरहेका छौ। अब, यदि तपाईले हामी अगाडि बढ्दै गर्दा ध्यान दिनुहुनेछ भने।

*अनि तिनले मलाई आत्मामा बोकेर एउटा उजाडस्थानभित्र लगे र मैले चहकिलो सिन्दुरे (रातो) रङ्गको पशुमाथि* बसेकी *एउटि स्त्रीलाई देखे...*

48 यसमा भएर जादै गर्दा यी संकेतहरुलाई म लिनेछु। अब, *सिन्दुरे* भनेको "रातो" हो। रातो एकतरिकामा राम्रो रङ्ग हो। रातो अर्को तरिकामा, एउटा अनैतिक रङ्ग हो, रातो बत्ति, खतराको रङ्ग। "सिन्दुरे रङ्ग...त्यो सिन्दुरे रङ्गमा रंगिएको थियो।" रातो, वेश्या।

49 "र एउटा पशुमाथि बसेकी थिई" एउटा *पशु*, बाईबलमा, "शक्ति" लाई जनाउछ। यदि तपाईले ध्यान दिनुभयो भने, धेरै सेवकहरु, म देख्न सक्छु कि उहाँहरुले आफ्नो शिर हल्लाउदै हुनुहुन्छ, ठिक छ, किनकि उहाँहरु बाईबलको शिक्षकहरु हुनुहुन्छ। एउटा *पशुको* अर्थ "शक्ति" हो। हामीले बाईबलका यी पशुहरु देख्दछौ, प्रकास १३, र दानिएलको, पानीबाट बाहिर निस्किएको; पशुहरु, शक्तिहरु, जो मानिसहरु मध्येबाट आईरहेको थियो।

50 तर के तपाईले ध्यान दिनुभयो? प्रकास १३ मा, जब संयुक्त राज्य बाहिर आउछ, यो बाईबलको एउटामात्र पशु हो, जो पानीहरुबाट बाहिर आएको छैन। बाईबलले भनेको छ कि यो पृथ्वीबाट बाहिर आयो, जहाँ कुनै

मानिसहरु थिएन। त्यहाँ एउटा यो नया राज्य थियो। र त्यो एउटा थूमा जस्तो देखिन्थ्यो, तर केहि समय पछि त्यसले अजिंगरले जसरी बोल्यो। त्यो यो देश हो। यो हुन पर्ने नै छ। कुनै दिन तिनीहरुले एउटा गल्ति गर्नेछन् र गलत व्यक्ति चुन्नेछन्। तिनीहरुले एउटा योसेफ ल्याउनेछन्, या..."एउटा फारो हुर्काउनेछन् जसले योसेफलाई चिन्दैन।" तिनीहरुले पहिले नै त्यो कोशिष गरे, यदि तिनीहरु यस पालि विफल भए भने तिनीहरुले फेरी पनि त्यसो गर्नेछन्। त्यो अन्ततः आउनेछ। बाईबलले त्यसो भन्छ। अब, म एउटा राजनीतिज्ञ होइन। तिनीहरुको दुइटै तर्फि टेडो छ। मैले मेरो भोट येशू ख्रीष्टमा राखेको छु। उहाँ मात्रै एक हुनुहुन्छ जसमा म इच्छुक छु। तर, म तपाईलाई भन्छु, तपाईले आफ्नो चस्माको सिसा अहिले नै पुछेको बेस हुनेछ, तपाईले आफ्नो बच्चाहरुको लागि अहिले कुनै स्वतन्त्रता अपेक्षा गर्नुहुन्छ। मलाई थाहा छैन यो कति नजिक छ। प्रार्थना गर्नुहोस्। ठिक छ। हेर्नुहोस्।

> *अनि तिनले मलाई आत्मामा बोकेर एउटा उजाड–स्थानभित्र लगे। त्यहाँ सात ओटा शिर र दस वटा सिङ भएको ईश्वर–निन्दाका नाउँहरुले भरिपूर्ण भएको चहकिलो सिन्दुरे* रङ्गको *पशुमाथि* बसेकी *स्त्रीलाई (मण्डली) मैले देखे।*

51 "सात ओटा शिर।" यहाँ तल, यसले भन्छ, "सात ओटा शिरहरु," जुन पशुमा थियो, "यो सातओटा पहाडहरु हो जसमा शहर बसेको छ।" अब कुन शहर सातओटा पर्वतहरुमा बनेको छ? [सभाले भन्छ, "रोम।"—सम्पा] रोम, वास्तवमै, एउटा शहर जुन सात ओटा पर्वतमा बसेको छ; एउटा मण्डली, एउटा स्त्री, एउटा वेश्या जसले संसारलाई आफ्नो शक्तिले काबूमा पार्नेछ। किन, यो पत्रिका पढेको जत्तिकै प्रष्ट छ। बुझ्नुभयो? निश्चय नै। अब।

> *त्यस स्त्री बैजनी र चहकिलो सिन्दूरे* रङ्गको (स्त्री, मण्डली, धनि) *लुगा लगाएकि थिई, अनि त्यो सुन, रत्न र मोतीहरुले सिंगारिएकी थिई...*

52 मलाई भन्नुहोस् कहिले ती मध्ये एउटाले कहिल्यै कर तिरेको छ। मलाई भन्नुहोस् कि तिनीहरुलाई केहि कुराको लागि कहिले कर लागेको छ। तिनीहरुले चाहेको कुनै पनि कुरामा। यद्धपि परमेश्वरसंग त्यहाँ उहाँको छोराछोरीहरु छन्। निश्चय नै उहाँसंग छ।

53 ठिक त्यस्तै नै, माटोको भाडोले कित्लीलाई कालो भनि बोलाउन सक्दैन। धेरै जसो समयमा, प्रोटेष्टटेन्टले भन्छ, "अँ, क्यालोथिकले, तिनीहरुले *यसको, त्यसको* र *अन्यको* हत्या गरे।" जोसेफ स्मिथको हत्या कसले गर्यो? म उसंग सहमत छुईन। तर उनीसंग उसको शिक्षा दिनको लागि उत्तिकै अधिकार छ जत्ति मसंग छ, यहाँ अमेरिकामा। र मेथोडिष्ट मण्डलीले जोसेफ स्मिथको हत्या गरे। जब तपाई नून तालको शहरमा आउनुहुन्छ, त्यहाँनिर एउटा ठूलो संकेत बोर्ड छ, "तिमी मेथोडिष्टहरु, मोरमोन क्रिकेटलाई (फट्याङग्रा) ध्यान देओ।" यो सहि हो। मेथोडिष्ट मण्डलीले जोसेफ स्मिथलाई गोलि हानी हत्या गरे। प्रोटेष्टटेन्टहरु! त्यसैले, क्याथोलिकको बारेमा धेरै नउफ्फ्रीओ। ध्यानदिनुहोस्, केवल केहि मिनेट, बाईबलले यसरी पनि भन्दछ।

> *अनि त्यो सुन, रत्न र मोतीहरुले सिंगारिएकी थिई, र* घिनलाग्दा कुरा, अर्थात् त्यसका व्यविचारका *अशुद्ध कुराहरुले* भरिएको एउटा सुनको प्याला हातमा लिएकी थिई।

54 जोकोहिले पनि त्यो विश्वास गर्नसक्छन्, भाई ज्यागरको भिटामिन चक्कीमा विश्वास गर्नसक्छन्, कि, "तपाईले एउटा महिलामा पानी छर्किन सक्नुहुन्छ जो एउटा पुरुषसंग तिस वर्षदेखि विवाहित छिन्, र केहि बालबच्चा छ, र उसलाई एउटा कन्यामा परिणत गर्न सक्छ र उनलाई त्यस रात उनको श्रीमानसंग वेहुलीको खाटमा लाँदछ।" जोकोहिले त्यो विश्वास गर्नसक्छन् कि पवित्र पानीले त्यसो गर्छ, जे पनि विश्वास गर्नसक्छ। त्यो सहि हो।

तर पृथ्वीका राजाहरुले त्यसो गर्ला विश्वास गर्दैनन्। यो यसकारणले कि तिनीहरु जिउन सकोन् र एउटा शान्तिपूर्ण भावना महसूस गर्नसकोन्। भित्र तपाई हृदयमा तपाईलाई थाहा छ कि तपाई कुहिएको हुनुहुन्छ। येशू ख्रीष्टको रगत लिनुहोस् आफैलाई धुनको निम्ति। तर अब ध्यान दिनुहोस्, उनी नै पहिलो संस्थागत भएकि मण्डली हुन्, बाईबलले यसको विषयमा यहाँ भन्दछ।

> *त्यसको निधारमा एउटा नाउँ लेखिएको थियो:* ***रहस्य पृथ्वीका वेश्याहरु र घिनलाग्दा कुराहरुकी आमा महान् बेबिलोन***

55 अब हेर्नुहोस्। हामी सबैजना सहमत हुन्छौ। र रोमीको आफ्नै पुस्तकहरु, क्याथोलिकको आफ्नै पुस्तकहरु, आफै सहमत हुन्छन् कि त्यो रोमन चर्च हो भनि। तिनीहरुको आफ्नै पुस्तक यससंग सहमत हुन्छ।

मसंग *हाम्रो विश्वासको तथ्यहरु* भनिने पुस्तक छ, जुन केवल पूजाहारीको लागि मात्रै हुन्छ। एउटा क्याथोलिक परिवर्तन भएका थिए मेरो...जुन, उनको छोरा एउटा पूजाहारी थियो, र उनले मलाई त्यो पुस्तक दिएकी थिईन्। त्यसपछि उनको छोराले उनी संग त्यस बारेमा गफ गर्यो मण्डलीमा, उनी त्यसको लागि म कहा आईन्, र मैले उसलाई त्यो दिन चाहिन। मैले त्यसलाई प्रमाणको रूपमा राखे, म के विषयमा बोलिरहेको छु त्यो जान्न चाहन्थे। जब म केहि कुरा भन्दछु, मैले त्यो जान्नु पर्छ। परमेश्वरले मलाई त्यसको निम्ति जिम्मेवार बनाउनुहुन्छ।

56 र याद गर्नुहोस्, त्यसलाई "**रहस्यमय बेबिलोन।**" भनिएको थियो। हामी जान्दछौ कि त्यो क्याथोलिक मण्डली हो। तर, ध्यान दिनुहोस्, त्यो "वेश्याहरुकि आमा हो।" एउटा वेश्या के हो? उनि त्यहि नै कुरा हो, वेश्या। अब, यी संस्थाहरु कहाँबाट आए? त्यहा तिनीहरुकि आमा छे। शुरू गर्नको लागि, तिनीहरु त्यहि नै हुन्। तब तपाईले भन्नुहुन्छ, "त्यो नै ख्रीष्ट–विरोधी हो।" त्यो सत्य हो। त्यसो भए यदि त्यो ख्रीष्ट–विरोधी हो भने, हाम्रो संस्थाको बारेमा चाहि के हो त? ठिक *वेश्या* र *अनैतिक वेश्या* जस्तो, उहि नै कुरा हो, "व्यविचार गर्नु, अवैधानिक शारीरिक सम्बन्ध राख्नु," मानिसको मन र ज्ञानको कारणले झुटा कुराहरु ग्रहण गर्नु हो। जसरी बाईबलले भनेको छ, "तिनीहरुका शिक्षा मानिसहरुले सिकाएका विधि मात्र हुन्।" त्यहि नै आजको *मण्डलीलाई* भनिन्छ, जो परमेश्वरको राज्यको विरुद्ध छ।

57 पुरानो नियममा जस्तै। इस्राएल मण्डली हुनुभन्दा अगाडि परमेश्वर इस्राएलको राजा हुन चाहनुहुन्थ्यो, र उहाँ राजा हुनुहुन्थ्यो। र यद्धपि तिनीहरुसंग एउटा अगमवक्ता, शामूएल, एउटा असल मानिस, भएता पनि, र जब उनले तिनीहरुलाई भनेका थिए, कतै तिनीहरुलाई एउटा राजा चाहिन्छ कि। तर तिनीहरु बाकि रहेका मानिसहरु जस्तै हुन चाहे। तिनीहरु फलिश्तीहरु जस्तै हुन खोजे।

58 त्यहि नै प्रोटेष्टटेन्ट मानिसहरुमा भएको छ। तिनीहरु केवल एक्कै राम्रो कुरा हुन दिदैनन्। तिनीहरु केवल...जब तिनीहरुमा पहिले पवित्र आत्मा झर्नुभयो, चालिस वर्ष अगाडि, र शक्ति झर्न थाल्यो, र तिनीहरु नाच्न र गाउन थाले, र अन्य भाषाहरुमा बोल्न थाले, तिनीहरुले त्यसलाई एक्कै छोडेनन्। तिनीहरुले त्यसलाई संस्थागत गर्नपर्ने थियो। त्यसपछि एउटा

आयो र तिनीहरुले त्यसलाई एउटा जेनेरल काउन्सिल भने। संगै अर्को आयो, येशू ख्रीष्टको नाउँमा सानो प्रकास सहित आयो, र तिनीहरुले त्यसलाई "नया मुद्धाहरु" भने र तिनीहरुलाई बाहिर गरिदिए। त्यसपछि तिनीहरुले आफ्नो लागि संस्था बनाए जसलाई पी.ए अफ जे.सी भने, पेन्टिकोष्टल एस्सेम्ब्लीज अफ जिजस क्राईस्ट। तिनीहरुको विचमा सानो विवाद आयो, उहाँ सेतो घोडामा आउनुहुनेछ या उहाँ कुन तरिकामा आउनुहुनेछ, र त्यसपछि तिनीहरुले अर्को संस्थागत गरे, जसलाई डब्लू अफ पी.ए भने, पेन्टिकोष्टल एसेम्ब्लिज अफ द वर्ल्ड। ओ, प्रभु, प्रभु! त्यसपछि अर्को आयो चर्च अफ गड। त्यसपछि तिनीहरु अगमवाणीबाट टुक्रिय, र फेरी अर्को संस्था भए। हरेक पटक तपाईले त्यसो गर्नुहोस्, तपाई परमेश्वरको इच्छाबाट बाहिर जानुहुन्छ। एउटा ख्रीष्ट–विरोधी आत्मा!

59 परमेश्वरको मण्डली स्वतन्त्र छ। परमेश्वरको मण्डली कुनै सिमाले बाँधिएको छैन, किनभने, समुन्द्र देखि समुन्द्रसम्म परमेश्वर हुनुहुन्छ, हरेक मानिस जो पृथ्वी मुनी छ परमेश्वरको हो। चाहे उ क्याथोलिकमा थियो, प्रोटेष्टेन्ट, या उ जो कोहि होस्, परमेश्वरले तिनीहरुलाई खोज्नुहुन्छ जो सच्चा हृदयका छन्। र हामी विश्वासद्वारा बचाईएका छौ, उहामा विश्वास गरेर। त्यो मण्डली हो। अब, तपाईले देख्नुहुन्छ, मण्डली एउटा संस्था होइन।

60 र हरेक पटक तपाईले संस्था देख्नुहुन्छ, केवल याद गर्नुहोस्, त्यसको माथि "ख्रीष्ट–विरोधी" लेखेको छ। यो यहाँ बाईबलमा छ। त्यो मैले पढ्न सक्ने सम्म को स्पष्ट छ। म—मसंग प्रशस्त अमूल्य मित्रहरु छन् जो यहाँ बसिरहेका छन्, जो संस्थासंग जोडिनुभएको छ, मैले यो भनेको होइन कि तपाई ख्रीष्ट–विरोधी हुनुहुन्छ। मैले तपाईलाई त्यसो भनिरहेको होइन। तर त्यस सबै कुराको पछाडि, र यो यस्तो देखिन्छ कि शैतानले यसलाई यसरी झुक्काईको छ कि तपाईसंग केहि त्यस्तो हुनुनै पर्छ या तिनीहरुले तपाईलाई प्रचार समेत गर्न दिदैनन्।

त्यहि नै कुरा हो जुन देशमा आज छ। तपाई देश बिना एउटा मानिस बन्न सक्नुहुन्न। तपाईसंग कहिँ कुनै देश हुनुपर्दछ। तपाई कि त अमेरिकी, जर्मन, या केहि हुनुपर्छ। देख्नुभयो, यो सबै घुमाईएको छ।

61 त्यसैले, वास्तवमा, एउटा वास्तविक नया गरि जन्मेको इसाई एउटा यात्री मात्रै हो। संसारको नजरमा उ एउटा आवारा मात्रै हो। तर परमेश्वरको नजरमा उ बहुमूल्य हो। काश हामीसंग हिब्रू ११ मा जानको लागि समय

हुन्थ्यो, र हेर्नुहुन्थ्यो कि ती विश्वासका योद्धाहरुले (कसरी)। कसरी अब्राहाम त्यहाँबाट निस्किए र आफैलाई एउटा यात्री र एउटा अन्जान भने, उनले भने कि यो संसार उसको घर थियो, तर उनी भौतारी रहेका थिए, त्यो एउटा शहर खोजिरहेका थिए जसको निर्माणकर्ता र बनाउनुहुने परमेश्वर हुनुहुन्थ्यो। "र यदि हामी, ख्रीष्टमा मरेकाहरु भएर, अब्राहामको बिउ लिदछौ, र प्रतिज्ञाद्वारा उनका उत्तराधिकारीहरु हौ।" र त्यसले हामीलाई के बनाउछ? तिर्थ यात्री र अन्जानहरु।

62 जब इस्राएल मिश्रबाट बाहिर निक्लेर आएका थिए। त्यहाँ मोआब थियो, एउटा महान् संस्थागत देश। त्यहाँ एसाव पनि थियो, महान् संस्थागत देश। र यहाँनिर इस्राएल थियो, गैर–डिनोमीनेसनल, तिनीहरु त्यहाँबाट आईरहेका थिए। दुवैजना मूलभूत रूपमा वचनमा थिए। याद गर्नुहोस्, बालमले उहि नै बलिदान चढाएका थिए जुन इस्राएलले चढाएको थियो, सातओटा वेदिहरु, परमेश्वरको आवश्यकताहरु। सातओटा शुद्ध बलिदानहरु, सात भेडाहरु, जसले आउनेवाला एकजनाको बारेमा चित्रण गर्दैथियो। मौलिक रूपमा, तिनीहरु दुवै सहि थिए, मौलिक रूपमा कुरा गर्दा। तर बालमले के देख्न असफल भए भने, उनले इस्राएल माफ त्यो अलौकिक कुरा देख्न असफल भए। त्यो गैर–डिनोमीनेसनल समूह। जाने कुनै ठाउँ थिएन, तिनीहरु भौतारीरहेका थिए, तर तिनीहरु आफ्नो कुनै ठाउ तर्फको गन्तव्य तर्फ थिए।

63 त्यहि तरिकामा छ आज जीवित परमेश्वरको मण्डली छ। संसारको सम्बन्धमा त्यो असंस्थागत छ। तर त्यो एकबद्ध छ, संस्थाको गाँठबाट होइन, तर येशू ख्रीष्टको शक्ति र आत्माबाट, प्रेमको बन्धनबाट।

64 एउटा मेथोडिष्ट र ब्याप्टिष्टलाई एकअर्कामा अँगालो मारी ढाँड थमथमाएर यसो भन्ने बनाउछ, "मेरो प्रिय भाई," जब तिनीहरुले देख्छ कि तिनीहरु सहमत नभएसम्म संगै हिड्नसक्दैनन्।

मानिसहरुले भन्छ, "के तपाई एउटा इसाई हो?"

65 "म एउटा ब्याप्टिष्ट हुँ।" त्यसले कुनै रितिले प्रश्नको उत्तर दिदैन। "के म इसाई हुँ? म पेन्टिकोष्ट हुँ।" त्यसले प्रश्नको जवाफ दिदैन।

66 यदि तपाई इसाई हुनुहुन्छ भने, तपाई एउटा नया गरी जन्मेको सृष्टि हुनुहुन्छ। तपाई परमेश्वरको रहस्यमय राज्यमा हुनुहुन्छ। तपाईको आँखा यस संसारको थोकहरुमा छैन, तर माथिका कुराहरुमा छ। र त्यसबेला हो

जब तपाई मण्डलीमा हुनुहुन्छ। त्यो मण्डली हो। यो संस्था होइन। यो कदापि संस्था हुन सक्दैन। मलाई रिकर्डमा राख्नुहोस्। जीवित परमेश्वरको मण्डली कदापि कुनै खालको निश्चित समूह हुनसक्दैन। यो संस्था हुन नै सक्दैन। यो परमेश्वरको रहस्यमय शरीर हुनुपर्दछ, पवित्र आत्मा। अझै अगाडि, यदि हामीसंग समय रह्यो भने, हामीहरु ठिक त्यसमा जानेछौ।

67 अब, अब तपाईले देख्नुहुन्छ कि *मण्डलीको* अर्थ के हो? *मण्डलीको* अर्थ एउटा "बोलाएर–निकालिएको" झुण्ड हो, एउटा बोलाईएका मानिस जसलाई केवल यस मशिही राज्यको राजाले मात्रै शासन गरेको छ। ओ, के यो अद्भूत छैन? [सभाले भन्छन्, "आमेन।"—सम्पा] मलाई त्यो मन पर्छ। जब म त्यो त्यसमा पढ्छु...आज। र जब यसले त्यहाँ भनेको छ, "राज्य, मशिही साम्राज्य।" लेखकले यसलाई राख्छन्, "मशिही साम्राज्य।" लेखकले यो पनि भनेका छन्, "त्यहाँ यस्तो केहि कुरा छैन जहाँ जीवित परमेश्वरको मण्डली संस्थागत भएको होस्। संस्था एउटा यस्तो चिज हो जुन केहि कुराको ठाउँ लिनको लागि परिवर्तन गरिईएको, अपनाईएको हो।"

68 त्यो ठ्याक्कै त्यस तरिकामा ल्याईयो जुन तरिकामा ती सबै झुटा सिद्धान्तहरु ती साचो सिद्धान्तको स्थानमा ल्याईएको थियो। त्यहि नै कारणले त्यस स्त्रीको हातमा एउटा घृणित निन्दित अशुद्ध कचौरा थियो। अब, तपाई देख्नुहुन्छ, मैले यो भनिरहेको छुइन...पेन्टिकोष्टल उत्तिकै दोषी छन् जतिको क्याथोलिक छ, या पिल्ग्रिम होलिनेस, या नाजरिन, या ब्याप्टिष्ट, या मेथोडिष्ट। तर, ती सबै संगठित (डिनोमीनेसन) मण्डलीहरुमा, परमेश्वरको छोराछोरीहरु छन्। तिनीहरु यस रहस्यमय राज्यका हुन्। त्यो मात्रै कुरा जुन तिनीहरु हेर्नलाई पर्खिरहेका छन् त्यो *केहि* विशेष घटना हो, जसले तिनीहरुको हृदय यसमा तान्दछ। म आज राति यो जान्दा यति खुसी छु, कि तिनीहरु पूर्व र पश्चिम, उत्तर र दक्षिण देखि आईरहेका छन्, आफैलाई त्यहाँबाट तानेर, आराधना गर्दै, प्रभुको आगमनलाई पर्खिरहेका छन्। बाईबलले भनेको छ कि तिनीहरुले अन्तिम दिनहरुमा त्यसो गर्नेछन्। त्यो वास्तवमै सहि हो। र भनेको छ, "तिनीहरु पूर्व देखि पश्चिम, उत्तर र दक्षिण परमेश्वरको सत्य वचन खोज्दै आउनेछन्; एउटा अनिकाल ल्याउनेछु त्यो न अन्नको न त पानीको, तर परमेश्वरको वचन सुन्ने तृष्णाको अनिकाल ल्याउनेछु।"

69 तिनीहरुले तपाईलाई, "आउनुहोस् *यसमा* जोडिनुहोस्, आउनुहोस् *यसमा* शामिल हुनुहोस्।" त्यहाँ केहि पनि छैन जुनकुराले गर्दा तपाईले शामिल हुनुपर्नेछ। परमेश्वरको राज्यमा, त्यहाँ एउटा पनि कुरा छैन जहा तपाई शामिल हुनसक्नुहुन्छ। यो मण्डलीमा जन्मेको अनुभव हो, त्यसमा भर्ना जोडिएको होइन। अब, त्यसमा म केहि थोरै कुरा ल्याउन सकूला, एक मिनेटमा। मसंग यहाँ केहि अझै पदहरु छन् जुन मैले लेखेर राखेको छु।

70 तर आउनुहोस् दोश्रो विचारमा जाऔ, ताकि हामी यो सबैबाट भएर जाने कोशिष गर्न सकौ। कसले यसलाई स्थापित गर्यो, यो रहस्यमय शरीर? कसले यो शूरुवात गर्यो? येशू ख्रीष्ट। र यो...उहाँ नै यस रहस्यमय शरीरको शिर हुनुहुन्छ। उहाँ यसको राजा हुनुहुन्छ, उहाँको संप्रभुतामा आफ्नै अभिप्रायको काम गर्दै हुनुहुन्छ। विशपको नियन्त्रण होइन या मण्डलीको समितिको नियन्त्रण पनि होइन; तर एउटा राजा, जुन मसिह आफै आफ्नो शासनमा आफ्नो इच्छा बमोजिम काम गर्दैहुनुहुन्छ। यो कहिले शुरू भयो? पेन्टिकोष्टमा शुरू भयो। पेन्टिकोष्टल संस्थामा होइन; पेन्टिकोष्टल अनुभवमा भयो। त्यहि नै हो जब त्यो तपाईमा शुरू भयो। उहाँले यसको आगमनको विषयमा बोल्नुभएको थियो। उहाँले के हुन आउनेछ भनि भन्नुभएको थियो। उहाँले यो आउदैछ भनि भन्नुभएको थियो।

71 अब, यदि हामी चाहन्छौ भने, हामी लूकामा पल्टाउन सक्छौ, २४ औ अध्याय, ४९ पद, र हामीले यसमा हेर्न सक्छौ, केहि पदहरु पढ्न शुरू गर्छु ताकि यी मानिसहरु जसले यो लिईरहेका छन् यसलाई तल राख्न सकून्। लूका २४:४९, हामी हर्नेछौ उहाले के भन्नुभएको थियो।

> *हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरुकहाँ पठाउछु, तर माथिबाट शक्ति प्राप्त नगरुन्जेल* तिमीहरु *यहि शहरमा बसिरहो।*

72 अब, उहाँले एउटा मण्डली आउदै छ भनि प्रतिज्ञा गर्नुभएको थियो, एउटा आउदै गरेको राज्य। अब ठिक प्रेरित १:८ मा पल्टाउनुहोस्। अब, याद गर्नुहोस्, उहाँले मत्ती १६:१८ मा पनि यसको बारेमा भन्नुभएको छ, "यस चट्टान माथि," उहाँले आफ्नो मण्डली बनाउनुहुनेछ, "र नरकको ढोकाले त्यस विरुद्ध विजय प्राप्त गर्ने छैन।" हामीहरु त्यसमा केहि मिनेटमा नै जानेछौ, जसै हामी अर्को विषयमा तल जानेछौ। प्रेरित १:८।

*तर पवित्र आत्मा तिमीहरुमा आउनुभएपछि* तिमीहरुले *शक्ति पाउनेछौ, र तिमीहरु यरूशलेममा, सारा यहूदियामा, सामरियामा* र पृथ्वीको अन्तिम छेउसम्म *मेरा साक्षी हुनेछौ।*

73 एउटा आउदै गरेको साक्षीहरुको राज्य: उहाको पूनरुत्थानको साक्षीहरु, उहाँको शक्तिको साक्षीहरु, उहा जीवित रहेको साक्षीहरु। "तिमीहरु मेरा सक्षीहरु हौ" अब, प्रेरित १:८

74 त्यसपछि हामीले एफिसीको १ अध्यायको, २२ औ पदमा पनि पाउदछौ, तपाई जसले त्यो तल राखिरहनु भएको छ। केवल, तल राख्नको लागि त्यहाँ धेरै छ, तर केवल अड्काई राख्नुहोस्, यो पक्का गर्नको लागि कि तपाई...तपाईले यसलाई देख्नुभयो। ठिक छ। एफिसीको २२ औ पद, १ अध्याय।

*र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि* (त्यो ख्रीष्ट हो) *राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाईदिनुभयो,*

*जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो।* र *उहाँले नै सबै थोक परिपूर्ण पार्नुहुन्छ।*

75 यो मण्डलीलाई कसले स्थापित गर्नुभयो? येशू ख्रीष्टले। कुनै विशपले होइन, कुनै मानिसको समूहले होइन, कुनै पपले होइन, कुनै मानव निर्मित शक्तिले होइन, ती केहिले पनि होइन। तर येशूले यसको बारेमा आफ्नो राज्यको रूपमा बोल्नुभएको छ जुन शक्तिमा आईरहेको थियो। "कोहि यहाँ खडा हुन्छन्..." मत्ती १६ औ अध्याय, "साचै म तिमीहरुलाई भन्दछु, यहाँ खडा हुनेहरु मध्ये कतिले मानिसको पुत्रलाई आफ्नो राज्यमा आईरहेको नदेखेसम्म मृत्यु चाख्नेछैनन्।" र त्यसैको केहि दिन पछि, उहाँ क्रूसमा टाँगिनुभयो, र पवित्र आत्मा आयो। "यहाँ खडा हुनेहरु मध्ये कतिले मानिसको पुत्रलाई आफ्नो राज्यमा आईरहेको नदेखेसम्म मृत्यु चाख्नेछैनन्।"

76 "के तपाईले राज्य यो समयमा पुनर्स्थापित गर्नुहुनेछ?" यहूदीले उहाँलाई सोधे।

77 उहाँले भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरुको काम होइन।" प्रेरित १, "तर पवित्र आत्मा तिमीहरुमा आउनुभए पछि तिमीहरुले शक्ति पाउनेछौ।" तिमीहरुले शक्ति

एउटा विशप भए पछि, एउटा प्रचारक भएपछि, एउटा पप भएपछि, तिमी एउटा पूजाहारी बनेपछि प्राप्त गर्नेछौ? "पवित्र आत्मा तिमीहरुमा आउनुभए पछि तिमीहरुले शक्ति पाउनेछौ।" त्यो नै साक्षी हो जुन परमेश्वरले खोज्दै हुनुहुन्थ्यो, एउटा साक्षी जुन पवित्र आत्मा आएपछि हुन्छ। म एउटा विशप हुँ भन्ने साक्षी होइन, म एउटा प्रचारक हुँ भन्ने साक्षी होइन। तर एउटा साक्षी (के को?) पुनरुत्थान भएको राजाको। त्यो नै जीवित परमेश्वरको साचो मण्डली हो। ठिक छ।

78 र कलस्सी १:१७ र १८ मा पनि, हामी यहि हुदै गर्दा हामीले यो पढ्न सक्छौ। कलस्सी १:१७ र १८ औ पद।

> *उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्।*
>
> उहाँ *शरीर, अर्थात् मण्डलीका शिर हुनुहुन्छ, उहाँ नै शुरू हुनुहुन्छ, मरेकाहरुबाट जीवित हुनेहरुमा उहाँ ज्येष्ठ हुनुहुन्छ, ताकि प्रत्येक कुरामाथि उहाँ सर्वोच्च होऊन्।*

79 यस मण्डलीको शिर को हुनुहुन्छ? येशू ख्रीष्ट। यो कुन राज्य हो? मशिही राज्य, मण्डली, एउटा संस्था होइन; एउटा मण्डली, एउटा रहस्यमय शरीर जसको शिर ख्रीष्ट हुनुहुन्छ। ओ, मलाई त्यो मन पर्छ, आत्मामा हिड्दै, राजाको आज्ञा पालन गर्दै। संसारको लागि मूर्ख; परमेश्वरको नजरमा बहुमूल्य। आत्मामा हिड्दै; नबुझिएको, हासोमा उडाईएको, र निन्दित पारिएको। "ख्रीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरु सबैजना सतावटमा पर्ने नै छन्। तिमीहरुभन्दा अगिका अगमवक्ताहरुलाई तिनीहरुले सताए, यदि तिनीहरुले घरको मालिकलाई नै 'बालजिबुल' भनेका छन् भने उनका चेलाहरुलाई त झन् कति धेरै गर्लान्?" तर तपाई आत्मामा हिडिरहनुभएको छ, संसारका थोकहरुलाई त्यागेर हिड्नुभएको छ, कुनै जन्जिरले बाँधिएको हुनुहुन्न। "जसलाई पुत्रले स्वतन्त्र बनाउनुभएको छ त्यो वास्तवमै स्वतन्त्र छ।" आमेन। त्यो नै जीवित परमेश्वरको मण्डली हो। उहाँ नै हुनुहुन्छ जसले यो स्थापित गर्नुभयो।

80 अब हामीले हेर्नसक्छौ, साक्षीहरुमा, प्रेरित १:८ मा उहाले भन्नुभएको छ, "तिमीहरुमा पवित्र आत्मा आउनुभए पछि तिमीहरु मेरा साक्षीहरु हुनेछौ।"

81 मण्डली के हो? ख्रीष्टको रहस्यमय शरीर। कसले यसलाई स्थापित गर्यो? प्रभु येशू, आफै हुनुहुन्छ। त्यो रोममा स्थापित गरेको थिएन। न त त्यो इंग्ल्याण्डमा जोन वेस्लीद्वारा स्थापित गरिएको थियो। न त यो क्याल्भिनद्वारा स्थापित भयो या अमेरिकामा ब्याप्टिष्टमा जोन स्मिथद्वारा स्थापित भयो। न त यो क्यालीफोर्नियामा पेन्टिकोष्टलद्वारा स्थापित गरियो। यो येशू ख्रीष्टद्वारा स्थापित गरियो, मशिही राज्यको राजा। उहाँ नै हुनुहुन्छ जसद्वारा यो स्थापित गरियो। उहाँ राजा हुनुहुन्छ। उहाँ राजा हुन चाहनुहुन्छ। उहाँले हामीमा राज गर्न चाहनुहुन्छ। उहाँ प्रभु हुन चाहनुहुन्छ।

82 मानिसहरु उहाँलाई भित्र आउन दिन्छन्, भन्छन्, “म उहाँलाई मेरो मुक्तिदाता हुन दिन्छु,” तर तिनीहरुले उहाँलाई प्रभु हुन दिदैनन्। *प्रभु* को अर्थ “मालिक, शाषक” हो। “मेरो हृदयमा आउनुहोस्, प्रभु, मलाई नरकबाट बचाउनुहोस्, तर मैले के गर्नुपर्छ भनि नभन्नुहोस्।” मानिसको प्रवृत्ति त्यो छ। त्यो नै कारण हो। कुनै आश्चर्य छैन कि बाईबलले भन्छ, “सबै मेच बान्ताले भरिएको छ।” तपाईलाई थाहा छ बान्ता के हो। “जसरी कुकुर आफ्नो बान्तामा फर्किन्छ।” यदि यी संस्थाहरुले पहिलो पटक काम गरेनन् भने, र परमेश्वरले तिनीहरुलाई बान्ता गरिदिनुपर्छ; तिनीहरु कहा फर्केर जाओ, तिनीहरूले तपाईलाई फेरी बान्ता गर्ने बनाउछन्। उहाँले भन्नुभयो, “तिमीहरु तातो या चिसो भएको भए हुन्थ्यो। तिमीहरु मनतातो छौ, म तिमीहरुलाई मेरो मुखबाट निकालीदिनेछु।” तपाईले परमेश्वरलाई उहाँको पेटमा विरामी बनाउनुहुन्छ, र उहाँले हामीलाई बान्ता गरिदिनुहुन्छ।

83 मलाई भन्नुहोस् कि कुनै पनि संस्था जुन गिर्यो त्यो कहिल्यै फेरी उठि आएको छ। मलाई इतिहासबाट देखाउनुहोस् कि कुन ठाउँमा त्यो कहिल्यै उठेको छ। एउटा मानिस एउटा सेवकाई सहित उठि आउछ, परमेश्वरले त्यस मानिसलाई आशिष दिनुहुन्छ। पहिलो कुरा तपाईलाई थाहा छ, त्यो व्यक्तिले त्यसलाई मोडेर मानिसहरुको बीचमा लाँदछ र त्यसबाट एउटा संस्था बनाउछ, र त्यसले ठिक त्यहिनिर त्यसलाई मार्छ। इतिहासबाट भएर हेर्नुहोस् र खोज्नुहोस् त्यहाँ कुनै एउटा त्यसरी आएको थियो भनि। एउटा पनि छैन, किनकि मानिसहरुको माझमा यो सबै ख्रीष्ट–विरोधी आत्मा थियो।

84 मोसाले जस्तै, र तिनीहरुले केहि त्यस्तो कुराको चाह गरे जुन तिनीहरु आफैले गर्न सक्थे। “प्रभु, हामीसंग यो वर्ष कति धेरै सदस्यहरु

छन्।" तपाईसंग कति सदस्य छ त्यसले के फरक पार्छ र? हामीहरु एउटा मण्डलीको सदस्यहरुलाई खोजिरहेका होइनौ। हामीहरु ख्रीष्टको शरीरको सदस्यहरु खोजिरहेका छौ, जुन परमेश्वरको राज्यमा जन्मेको छ, "मानिसको इच्छाले होइन, तर परमेश्वरको इच्छाद्वारा," मानिसको आत्मा या बुद्धिद्वारा होइन।

85 पावलले भनेका थिए, "म कहिल्यै पनि तिमीहरु सामू मानिसको ज्ञानद्वारा आईन। म तिमीहरुसामू परमेश्वरको आत्मा र उहाँको पुनरुत्थानको शक्तिमा आउदछु, ताकि तिमीहरुको विश्वास बुद्धिमा या आकर्षक शब्दहरुमा नरहेको होस्, तर येशू ख्रीष्टको पुनरुत्थानको शक्तिमा रहेको होस्।" त्यसैको निम्ति उनी आएका थिए। परमेश्वरले हामीलाई सहायता गर्नुभएको होस्, ताकि हामीले पनि त्यहि गर्नसकौ।

86 अब, हामी यो एउटामा धेरै समय बिताउन चाहदैनौ। अब म यो भेट्टाउन चाहन्छु: यस मण्डलीको संदेश के हो? यो मण्डलीले के सिकाउन पर्नेछ? यसको संदेश के हो?

पहिलो संदेश जुन मैले सोच्न सक्छु, कि यो मण्डलीले (रहस्यमय शरीर) सिकाउने पश्चाताप हो। आउनुहोस् फेरी एकै क्षणको लागि लूका २४ मा फेरी पल्टाऔ। लूका, २४ औ अध्याय। पहिलो कुरा जुन मण्डलीले गर्नुपर्नेछ, त्यो पश्चाताप हो, र त्यसले पश्चाताप सिकाउनेछ। अब, येशू त्यहाँबाट जाने तयारीमा हुनुहुन्थ्यो, यो अन्तिम अध्याय हो, जब उहाँले पृथ्वीलाई छोडेर जाने तयारीमा हुनुहुन्थ्यो। लूका २४:४६, आउनुहोस् ४६ औ पद बाट शुरू गरौ।

> र उहाँले *तिनीहरुलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ:*
>
> *...उहाँको नाउँमा पश्चताप र पाप–क्षमाको प्रचार हुनुपर्छ।"*

ओ, म त्यसमा भिज्न चाहन्छु, किनकि म एक मिनेटमा केहि कुरामा आउदैछु, त्यो "पाप–क्षमा" मा आउनेछु।

> *...अनि यरूशलेमबाट शुरू गरेर सबै जातिहरुलाई उहाँको नाउँमा* पश्चताप र पाप–क्षमाको प्रचार हुनुपर्छ।
>
> *तिमीहरु यी नै कुराका साक्षी हौ।*

87 त्यो नै मण्डलीको संदेश हो, संदेशको साक्षी। पश्चाताप र पाप–क्षमाको प्रचार सारा जातिमा गरिनुपर्दछ, यो यरूशलेमबाट शुरू हुदछ। ओ, महिमा! संस्थाकहाँ बाट शुरू भयो? यरूशलेम? होइन, श्रीमान्, रोमबाट शुरू भयो। यरूशलेममा के शुरू भयो? पवित्र आत्माको बप्तिष्मा; येशू ख्रीष्टको नाउँमा पाप क्षमादानको बप्तिष्मा; परमेश्वर प्रति पश्चाताप शुरू भयो। त्यो यरूशलेममा शुरू भयो र सारा जातिहरुमा जानुपर्थ्यो। हाल्लेलुयाह! तपाईले यो देख्नुहुन्छ? "ख्रीष्टले दुःख भोग्नुभयो," धर्मशास्त्रले त्यसो भन्छ। उहाँ नै हुनुहुन्थ्यो जसको बारेमा अगमवक्ताले भनेका थिए। उहाँ नै एक हुनुहुन्छ जसको लागि पूरा बाईबलमा भनिएको छ, उहाँको आसपास बाईबल आवद्ध छ। निश्चयनै उहाँलाई थाहा छ के सिकाईनु पर्छ भनि। उहाँलाई थाहा थियो केहि गरिनुपर्छ भनि। र उहाँले भन्नुभयो, "...अनि यरूशलेमबाट शुरू गरेर सबै जातिहरुलाई उहाँको नाउँमा पश्चताप र पाप–क्षमाको प्रचार हुनुपर्छ। तिमीहरु यी नै कुराको साक्षी हौ।"

अब, संस्था रोममा शुरू भयो। संस्थागत मण्डली रोममा शुरू भयो; जर्मनीमा आयो मार्टिन लुथरबाट; इंग्ल्याण्डमा आयो, वेस्लीको लागि; त्यहाँबाट संयुक्त राज्यमा, जोन स्मिथको लागि आयो; क्यालिफोर्नियामा पेन्टिकोष्टको लागि आयो।

तर मण्डली यरूशलेममा शुरू भयो। "परमेश्वरप्रति पश्चाताप, र पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिष्मा, यरूशलेममा शुरू भयो, र हुनपर्छ..." "हुनपर्छ" उहाँले भन्नुभयो। यो भन्नुभएन कि तिनीहरु सबै पुग्नेछन्। "यो शुरू *हुनुपर्दछ।* यो सारा संसारमा *जानुपर्दछ।* यो प्रचारिनु *पर्दछ।*" तर त्यहाँ यसको एकदमै थोरै। तर त्यहि नै थियो जुन उहाँले भन्नुभएको थियो, यसको संदेश, यो मण्डलीको संदेश हो। मलाई एउटा मण्डली देखाउनुहोस् जसले यो सिकाईरहेको छ। मलाई भन्नुहोस् त्यो कहाँ छ। तपाईले यो पाउनुहुन्न।

88 अब, येशू राजा हुनुहुन्छ, यो दोस्रो संदेश हो। येशू राजा हुनुहुन्छ, र सदाको लागि जीवित हुनुहुन्छ। मत्ती २८:२०। येशू राजा हुनुहुन्छ, र सदाको निम्ति जीवित हुनुहुन्छ। त्यहि नै हो जुन मण्डलीले सिकाउनु पर्दछ। मत्ती २८:२०।

*मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म* सधै

*तिमीहरुका साथमा छु।*

89 त्यो ठिक हो? [सभाले भन्छ, "आमेन"—सम्पा] हिब्रू १३:८, "येशू ख्रीष्ट हिजो, आज, सधैंभरी एकसमान हुनुहुन्छ।" त्यो नै ख्रीष्टको संदेश हो: उहाँको काम गर्दै, उहाँको पुनरुत्थानलाई प्रमाणित गर्दै, र साक्षीहरु दिदै।

अब, प्रेरित ५:३२, जहाँ हामीले देख्छौ कतै तिनीहरुसंग त्यो थियो कि थिएन भनि। जसै हामी पल्टाउदै गर्छौ, प्रेरित, ५ औ अध्याय, ३२ औ पद

> *यी सबै कुराका हामी साक्षी छौ, र त्यस्तै गरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरुलाई दिनुभएको छ*

90 उहाँको साक्षीहरु हुनपर्दछ। यूहन्ना १४:१२, मण्डलीले के गर्नु पर्छ भनि उहाँले शिक्षा दिनुहुन्छ। यूहन्ना १४ औ अध्याय, र १२ औ पद, हामी हेर्नेछौ त्यसले के भन्छ। यूहन्ना १४:१२, त्यसैले हामी यसलाई पढ्छौ, यसलाई आधिकारिक बनाउछौ। ठिक छ। यूहन्ना १४, र १२ औ पद

> *साचै, म तिमीहरुलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ,* त्यसले *मैले गरेका काम पनि गर्नेछ, र ती भन्दा ठूला काम गर्नेछ, किनभने, म पिता* कहाँ *गईरहेकोछु।*

91 त्यो नै मण्डलीको संदेश हो। "येशू ख्रीष्ट हिजो, आज र सधैंभरी एकसमान हुनुहुन्छ।" मण्डलीमा रहिरहनु हुन्छ, मण्डलीको राजा हुनुहुन्छ, मृत्युबाट बौरी उठ्नुभयो। "हिजो, आज सधैंभरि एकै हुनुहुन्छ।" उहि कार्य प्रदर्शन गर्दै हुनुहुन्छ, त्यहि नै कार्य गर्दैछ जुन येशूले गर्नुभयो। त्यो नै मण्डलीको संदेश हो। यदि मण्डलीले त्यो शिक्षा सिकाईरहेको छैन भने, त्यसले गलत धर्मशिक्षा सिकाईरहेको छ। त्यहि नै हो जुन येशूले मण्डलीलाई प्रचार गर्नको लागि आज्ञा दिनुभयो।

92 अरु के हुनसक्छ? हामीले कसरी थाहा पाउने कि यी मनिसहरु... तिनीहरुले भन्छन्, "ठिक छ, म एउटा विश्वासी हुँ।" आउनुहोस् हेरौ मण्डलीको लागि उहाँको अन्तिम आज्ञा के थियो, विश्वासीको लागि, मर्कूस १६। मर्कूस लिनुहोस्, १६ औ पद, र हामी पत्ता लगाउने छौ कि मण्डलीको लागि उहाँको अन्तिम संदेश के थियो, र त्यसपछि हामी हेर्नेछौ कि हामीले त्यो उहाँको आज्ञा पालन गरिरहेका छौ या छैनौ। मर्कूस १६, आउनुहोस् १४ औ पद हेरौ।

*पछिबाट उहाँ एघार चेलाहरुकहाँ तिनीहरु भोजनमा बसेको बेलामा देखा पर्नुभयो।* (यो उहाँको पुनरुत्थान पश्चात पछि हो)

93 यहानिर अब मण्डलीको लागि आज्ञा छ, सुन्नुहोस्, अन्तिम आज्ञा। हामीहरु आफैलाई जाच्ने छौ, कतै हामी विश्वासी हौ या होइनौ, कतै हामी यस मण्डलीमा छौ या छैनौ।

*पछिबाट उहाँ एघार चेलाहरुकहाँ तिनीहरु भोजनमा बसेको बेलामा देखा पर्नुभयो। अनि तिनीहरुको अविश्वास र* हृदयका कठोरताको *लागि उहाँले तिनीहरुलाई हप्काउनुभयो। किनभने उहाँ मृतकबाट* जीवित भई उठ्नुभएपछि *उहाँलाई देख्नेहरुका कुरा तिनीहरुले विश्वास गरेका थिएनन्।*

94 कसैले उहाँलाई देखेको थियो। कसैले तिनीहरुलाई त्यस विषयमा भन्न कोशिष गरेको थियो, र तिनीहरुले त्यो विश्वास गरेनन्। यदि त्यो नै आजको दिनमा उस्तै छैन भने। हामी जान्दछौ कि उहाँ जिउनुहुन्छ, हामीसंग हामी भित्र उहाँको आत्मा रहेको साक्षी छ। हामी देख्नसक्छौ कि दर्शकहरु माझ उहाँको शक्ति चहल पहल गरेको, र दसौ हजारौ मानिसहरु, तिनीहरु विचार—विचारहरु र हृदय ठिक त्यस्तै तरिकामा रहस्योद्घाटन गरिदिनुहुन्छ जस्तो उहाँले पृथ्वीमा रहदा त्यसबेला गर्नुभएको थियो। जसरी बाईबलले भनेको थियो, "परमेश्वरको वचन।" र उहाँ नै परमेश्वरको वचन हुनुहुन्छ। "आदिमा वचन थियो, वचन परमेश्वरसंग थियो, र वचन परमेश्वरसंग थियो। र वचन देहधारी भयो र हाम्रो माझमा वास गर्नुभयो।" "परमेश्वरको वचन धारिलो, दुइ धारे तरवारभन्दा पनि शक्तिशालि छ, हाडको जोर्नी जोर्नी काट्दछ, र हृदयको विचार र नियतहरु पनि जान्नुहुन्छ।" ख्रीष्ट, "मैले गरेका काम तिमीहरुले पनि गर्नेछौ।" उहाँले त्यो गरेको देख्नेछौ। कतिजनाले उहाँले त्यसो गर्नुभएको देख्नुभएको छ? [सभाले भन्छ, "आमेन"—सम्पा] निश्चय पनि। हामी जान्दछौ उहाँले यो गर्नुहुन्छ। उहाँ यहाँ रहनुहुन्छ। उहाँ हाम्रो हृदयहरुमा हुनुहुन्छ।

95 तिनीहरुले यो विश्वास गर्दैनन्। तिनीहरुले त्यसबेला पनि विश्वास गरेका थिएनन्। तिनीहरुले अहिले पनि विश्वास गर्ने छैनन्। तिनीहरुले, "उहाँ मर्नुभयो, त्यतिले नै पुग्छ। र हामीसंग केहि प्रकारका एउटा ऐतिहासिक कुरा छ, कि कुनै व्यक्ति केहि वर्ष अगाडि जीवित भई उठ्यो र एउटा मण्डली स्थापित गर्यो, र क्याटेसीजम् लेख्यो, र त्यो नै हामीले पक्रिन्छौ।"

भनि विश्वास गर्छन्। त्यो पागन हो। सहि हो! त्यसमा कुनै सत्य छैन। ओ, म त्यसलाई "सत्य," भन्दिन, मानिसले त्यो गरेको हुनसक्छ। मानिस एकदम इमानदार रहेको हुनसक्छ। तर परमेश्वरले आफ्नो मण्डलीलाई त्यस तरिकामा नियन्त्रण गर्नुहुदैन। परमेश्वरले कहिल्यै पनि त्यो चाहनुभएन।

96 जब तिनीहरुले राजाको माग गरे, शामूएलले तिनीहरुलाई बोलाए र यसो भने। उनले भने, "म तिमीहरुलाई केहि कुरा सोध्न चाहन्छु। के म कहिल्यै तिमीहरुको लागि असफल भएको छु? के मैले कहिल्यै तिमीहरुको पैसा मागेको छु? के मैले परमप्रभुको नाउँमा तिमीहरुलाई सत्य बाहेक अरु केहि कुराहरु भनेको छु? परमेश्वरले तिमीहरुको निम्ति एउटा राजा भएको चाहनुहुन्न। उहाँ नै तिमीहरुको राजा हुन चाहनुहुन्छ।"

97 तिनीहरुले भने, "ओ शामूएल, पक्कै पनि तिमी सहि छौ। तिमी एउटा असल अगमवक्ता हौ। तिमीले हामीलाई सत्यभन्दा बाहेक अरु कुरा कहिल्यै हामीलाई भनेका छैनौ। तिमीले हामीलाई कहिल्यै पनि पैसाको निम्ति मागेको छैनौ। त्यो सबै कुरा सत्य हो। तर हामीहरु अरु जस्तै हुन चाहन्छौ। हामीलाई जसरी पनि एउटा राजा चाहिन्छ।"

98 शामूएलले भने, "यसले तिमीहरुको हृदय दुखाउनेछ र तिमीहरुलाई समस्यामा पार्नेछ। यो...त्यसले तिमीहरुको छोरा छोरीहरुलाई लिनेछ। त्यसले तिनीहरुलाई त्यसले गर्ने काममा दूषित पार्नेछ। त्यसले त्यसो गर्नेछ।" र त्यसले त्यसै गर्यो। तर, अझै पनि, तिनीहरुले एउटा राजाको चाह गरे।

99 त्यहि नै तरिकामा आज तिनीहरुले गर्दछन्। ओ, हामीलाई केहि प्रकारको नाउँमा हामीमा जोडिएको हामी चाहन्छौ। हामीहरुले मानिसहरुलाई भन्नुपर्छ जब तिनीहरुले सोध्छन्, "हामीहरु मेथोडिष्ट, ब्याप्टिष्ट हौ।" केवल भन्नुहोस् कि तपाई *इसाईहरु* हुनुहुन्छ, त्यो सहि हो। "ख्रीष्ट–जस्तै।" उहाँ मृत्युबाट जीवित भई उठ्नु भएपछि तिनीहरुले त्यो विश्वास गरेनन्।

> *र उहाँले तिनीहरुलाई भन्नुभयो,* (हेर्नुहोस् महान् आज्ञा) *जाओ र...*

संसारको कति जति भाग? [सभाले भन्छ, "सबै"—सम्पा] "ओ, मैले सोचेको थिए केवल यरूशलेम मात्र होला।" कसैले भन्छ, "यी चिन्हहरु केवल यरूशलेममा भयो।"

*...सारा संसारमा जाओ र सुसमाचार प्रचार गर...*

100 कति जनालाई थाहा छ सुसमाचार के हो?[सभाले भन्छ, “आमेन”—सम्पा] “शब्द” होइन [भाई ब्रन्हामले बाईबलमा थपथपाउनुहुन्छ] पावलले भनेका थिए, “हामीमा सुसमाचार केवल शब्दमा मात्रै आएन, तर पवित्र आत्माको शक्ति र प्रकटद्वारा आयो।” सुसमाचार परमेश्वरको शक्ति हो जसले वचनलाई त्यो क्रिया गर्न लगाउछ जुन यसले गर्नेछु भनि भनेको छ।

“सारा संसारलाई सुसमाचार प्रचार गर।” सुसमाचार केवल गोरा मानिसहरुलाई मात्र प्रचार गर, या केवल गौगोरा, पहेलो या काला?

*...सारा सृष्टिलाई*

101 आमेन। “हरेक प्राणीलाई।” तपाई विश्वास गर्नुहुन्छ त्यसको अर्थ त्यो हो? [सभाले भन्छ, “आमेन।”—सम्पा] मैले एकदिन परमेश्वरले एउटा साडेलाई मारेको देखे। उहाले एकदिन मौरीले खिल पार्न रोक्नुभएको देखे। उहाले एउटा अप्पोसम हुर्काउनुभएको मैले देखे, रात भरि त्यहाँ मरिरहेको अवस्थामा थियो। “हरेक सृष्टि।” तपाईले माग्नुभएको हरेक कुरामा सुसमाचारले असर ल्याउदछ।

तपाईले भन्नुहुन्छ, “त्यो गलत हो भाई ब्रन्हाम।” यो गलत होइन।

102 येशूले त्यस रूखलाई भन्नुभयो, “त श्रापित होस्। अब उप्रान्त कसैले तँबाट फल नखाओस्।” र त्यस रूखलाई सुसमाचार प्रचार गरिएको थियो। आमेन। ह्यु! म ठिक अहिले धार्मिक महसूस गरिरहेको छु।

“हरेक सृष्टि या प्राणीमा” आमेन। के प्रचार गर्ने? “हरेक सृष्टिमा” ओ, यदि हामीसंग केवल यी कुराहरुको लागि समय भईदिएको भए।

अब *जसले विश्वास गर्छ र बप्तिष्मा लिन्छ त्यसले उद्धार पाउनेछ...*

“ओ, मैले विश्वास गर्छु, र मेरो बप्तिष्मा भएको छ।” ठिक छ। राम्रो। ठिक छ।

*जसले विश्वास गर्छ र बप्तिष्मा लिन्छ त्यसले उद्धार पाउनेछ;*
*जसले विश्वास गर्दैन त्यो दोषी ठहरिनेछ।*

103 “ओ, म खुसी छु कि म विश्वासी हुँ।” एक मिनेट पर्खनुहोस्। “र,” र एउटा संयोजक हो, वाक्यलाई एकसाथ जोड्दैछ।

*र यी चिन्हहरु...*

ओ, मैले सोचेको थिएँ तपाईले चिन्हमा विश्वास गर्नुभएन। त्यो येशूको आफ्नै वचनहरु हो। यसमा तर्क उहाँसंग गर्नुहोस्।

> *...विश्वास गर्नेसंग यी चिन्हहरु हुनेछन्...* (यो होइन कि, "तिनीहरुमा हुनसक्छ; कहिलेकाहि तिनीहरुमा हुन्छ") ... *विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछन्...*

104 अब हामी हेर्न जानेछौ कि तपाईले विश्वास गर्नुभयो या गर्नुभएन, हेर्न जानेछौ कि कतै तपाईको संस्थाले विश्वास गर्छ या गर्दैन। तिनीहरुले *भन्न* सक्छा कि तिनीहरुले विश्वास गर्छन्। येशूले भन्नुभएको छ, "विश्वास गर्नेमा यी चिन्हहरु हुनेछ।" किन तिनीहरुले यी चिन्हलाई इन्कार गर्छन्।

> *...विश्वास गर्नेहरुसंग यी चिन्हहरु हुनेछन्* (कति जति?) *मेरो नाउँमा* तिनीहरुले *भूतहरु धपाउनेछन्...*

105 र तपाईहरु जसले दिव्य चंगाईमा विश्वास गर्नुहुन्न, तपाईको मण्डलीहरु! यो टेपमा रिकर्ड गरिएको छ, तपाईले बुझ्नुहुन्छ। म केवल तपाईसंग मात्रै बोलिरहेको छुइन। कसैले यो सुन्न जानेछ। तपाईले ठूलो स्वरमा भन्नुहुन्छ कि तपाई परमेश्वरमा विश्वास गर्नुहुन्छ, र आज्ञामा विश्वास गर्नुहुन्छ, कि तपाईको मण्डलीलाई सुसमाचार लाने आज्ञा दिईएको छ; र सबैभन्दा पहिलो कुरा इश्वरीय चंगाई हो।

पहिलो कुरा के थियो जुन येशूले चेलाहरुलाई भन्नुभयो जब उहाँले तिनीहरुलाई बाहिर पठाउनुभयो? मत्ती १०:१, "रोगिलाई निको पार, प्रेतआत्मालाई धपाओ।" उहाले मण्डलीलाई अन्तिम कुरा के भन्नुभयो? "रोगि निको पार, भूत आत्मा धपाओ।" आल्फा र ओमेगा; बेन्जामिन र रुबेन; पहिलो र अन्तिम; उहाँ जो हुनुहुन्थ्यो, हुनुहुन्छ, र हुन आउनुहुनेछ; बिहानको तारा; दाउदको जरा र सन्तान। हल्लेलुयाह! त्यो उहाँ हुनुहुन्छ। हो, श्रीमान।

"विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछन्। मेरो नाउँमा तिनीहरुले भूतहरु धपाउनेछन्।" केवल यरूशलेममा मात्र हो? "सारा संसारमा, र सबै प्राणीमा।" के त्यो बाईबल हो? [सभाले भन्छ, "आमेन।"—सम्पा] त्यो नै हो जो यसले भनेको छ। त्यो नै मण्डलीको संदेश हो। "सारा संसारमा, हरेक सृष्टिमा, सुसमाचार। विश्वास गर्ने हरेकमा यो चिन्हहरु हुनेछन्।"

*...मेरो नाउँमा तिनीहरुले भूतहरु धपाउनेछन्, तिनीहरुले नया भाषाहरुमा बोल्नेछन्;*

106 र तपाई गरिब नाजरिनहरु तिनीहरुलाई “अन्यभाषा” का एक भ्रुण्ड भनि बोलाउनुहुन्छ। तपाईहरु तिनीहरुसंग मण्डलीमा समेत बस्नुहुन्न। के त्यो दयनिय छैन? तपाईहरु के गर्नुहुनेछ जब तपाई स्वर्गमा जानुहुनेछ? येशू अन्यभाषाहरुमा बोलेर मर्नुभयो। तिनीहरुले भन्छन्, “उहाले बोल्नुभयो, र उहाँले अर्को भाषामा बोल्नुभयो।” निश्चय नै। उहाँले बोल्नुभयो। “उहाँले हिब्रूमा बोल्नुभयो।” उहाँले त्यसमा बोल्नुभएन। त्यो हिब्रू लेख होइन। उहाँले एउटा स्वर्गीय भाषामा बोल्नुभयो।

107 जब—जब हाबिलले आफ्नो थूमा चट्टानमा भेटि चढाए, जब त्यो सानो थूमा मर्दैथियो, उनले त्यसको घाटिमा रेट्दै थिए। ख्रीष्टको एउटा नमूना थियो, धेरै पहिले अदनको बगैंचामा, सानो थूमा मर्दै गर्दा अन्यभाषामा कराउदै थियो। यसले चित्रण गर्छ, कि उहाको रगताम्य ऊन् आफ्नै रगतले नुहाईएको थियो। यसले परमेश्वरको पुत्र त्यहाँ पारी कलवरीमा भ्रुण्डिरहेको, हाम्रो पापसंग टुक्रामा काटिएको, मारिरहेको, अन्य भाषामा बोलिरहेको कुरालाई जनाउछ। “मेरो परमेश्वर, मेरो परमेश्वर, तपाईले मलाई किन त्याग्नुभयो?”

108 त्यो नै मण्डलीको संदेश हो। “मेरो नाउँमा तिनीहरुले भूतहरु धपाउनेछन्; तिनीहरुले नयाँ भाषाहरुमा बोल्नेछन्।” त्यहि नै हो जुन उहाँले भन्नुभयो। त्यो मण्डलीको संदेश हो। त्यहि नै हो जुन उहाँले मण्डलीलाई गर्नको निम्ति आज्ञा गर्नुभयो, “भूतहरु धपाउने; तिनीहरुले नया भाषाहरुमा बोल्नेछन्।”

*तिनीहरुले सर्पहरु समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरुको* हानि *गर्नेछैन। तिनीहरुले रोगिहरुमाथि आफ्ना हात राख्नेछन् र तिनीहरु निको हुनेछन्।*

109 त्यो नै मण्डलीको आज्ञा हो। त्यो नै वास्तविक, विश्वास गर्ने मण्डली हो।

के त्यो मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरीयन, क्याथोलिक, लुथरन, नाजरिन, पिल्ग्रिम होलिनेसमा सिकाईन्छ? [सभाले भन्छ, “सिकाईदैन।”—सम्पा।] होइन, श्रीमान्। तिनीहरुले यसलाई अस्विकार गर्छन्। महिमा! किन? तिनीहरु संस्थागत छन्, र तिनीहरुले यो

गर्नसक्दैनन्। त्यहा धेरै सदस्यहरु छन् जसले त्यो विश्वास गर्छन्, तर उसले यो बारेमा केहि भन्न सक्दैन, किनकि उसलाई बहिष्कार गरिन सक्छ। त्यो एउटा ख्रीष्ट–विरोधी आत्मा हो, जसले तिनीहरुलाई संस्थागत गरायो।

जीवित परमेश्वरको मण्डली परमेश्वरको आत्माबाट स्वतन्त्र–जन्मेको हुन्छ, कुनै शासनको आवश्यक हुदैन। तिनीहरुले मशिही राज्यको राजालाई पछ्याउछन्। तिनीहरुले मानिसका भनाईहरुलाई लिनुपर्दैन। तिनीहरु स्वतन्त्र–जन्मेका हुन्छन्, पुत्रद्वारा स्वतन्त्र पारिएको, जसले वास्तवमै तिनीहरुलाई स्वतन्त्र पार्नुहुन्छ। यी चिन्हहरु तिनीहरुमा हुनेछन्।

110 यो सुसमाचार प्रचारिनु पर्दछ। कसले यसलाई प्रचार गर्न जानेछ? परमेश्वरले अज्ञानीलाई लिन सक्षम हुनुहुन्छ। परमेश्वरले ढुंगालाई अब्राहामको सन्तान बनाउनलाई निकाल्न सक्नुहुन्छ। परमेश्वरले जे पनि चाहनुहुन्छ त्यो गर्न सक्नुहुन्छ। उहाँ परमेश्वर हुनुहुन्छ, र त्यहि नै तरिकामा उहाँले यसलाई गर्नुहुन्छ। जब उहाँ आउनुभयो, उहाँले कहिल्यै पनि कैयाफसलाई बोलाउनु भएन। उहाँले कहिल्यै पनि एउटा पूजाहारीलाई बोलाउनुभएन। उहाँले कहिल्यै पनि धर्मज्ञानीलाई बोलाउनुभएन। उहाँले माँझी, पशुपालक, र अज्ञानी र अशिक्षितलाई लिनुभयो। बाईबलले भन्छ कि, “पत्रुस र यूहन्ना दुवैजना अज्ञानी र अशिक्षित थिए।” तर उहाँले तिनीहरुलाई त्यो अधिकार दिनुभयो, र तिनीहरुद्वारा परमेश्वरको राज्यमा काम गर्नुभयो, र बुद्धिमानी र शक्तिशाली मानिसहरुको आँखा भ्रमित गर्नुभयो। तिनीहरुले भनेका थिए, “तिनीहरुले आफु अज्ञानी र अशिक्षित मानिसहरु भएको कुरामा ध्यान दिए, तर तिनीहरुले ध्यान दिन पर्ने कुरा यो थियो कि तिनीहरु येशू संगै रहेका थिए।” किन? तिनीहरुसंग उहाँको आत्मा संगै थियो। तिनीहरुले उस्तै व्यवहार गरे जस्तो उहाले गर्नुभएको थियो। तिनीहरुले ती कामहरु गरे जुन उहाँले गर्नुभएको थियो। त्यो ठ्याक्कै त्यस्तो भएको थियो जस्तो उहाँले हुन आउनेछ भन्नुभएको थियो, मशिही राज्य। ओ, म यी कुराहरुको लागि कति खुसी छु। “तिनीहरुसंग यी कुराहरु हुनेछ।” निश्चय पनि। तिनीहरुसंग चिन्हहरु हुनेछन्।

111 अब, अर्को कुरा जुन यो मण्डलीले सिकाउछ, त्यो इश्वरीय चंगाई हो, जुन मण्डलीको संदेश हो। मैले भर्खरै यसलाई उद्धृत गरेको थिए, मत्ती १०, जब उहाँले आफ्नो मण्डलीलाई पठाउनुभएको थियो। आउनुहोस् केवल मत्ती १०:१ मा जाऔ, र हेरौ, केवल एक मिनेटको लागि। हेर्नुहोस् येशूले

के भन्नुभयो जब उहाँले उहाको मण्डलीलाई नियुक्त गर्नुभयो र यसलाई शुरू गर्नुभयो।

*उहाँले आफ्ना बाह्र चेलाहरुलाई बोलाएर अशुद्ध आत्माहरु निकाल्ने र हरप्रकारका* रोग र *दुर्बलता निको पार्ने अधिकार तिनीहरुलाई दिनुभयो।*

उहाँको मण्डलीको लागि पहिलो आज्ञा हो।

112 अन्तिम आज्ञा, “सारा संसारमा जाओ, सुसमाचार प्रचार गर। विश्वास गर्नेले बप्तिष्मा लिन्छ।” आउनुहोस् म यसलाई यो जुन तरिकामा हुन पर्ने त्यस तरिकामा उद्धृत गर्छु, जुन तरिकामा यो टुक्राईएको छ। “सारा संसारमा र जाति कहा जाओ र पवित्र आत्माको शक्तिको प्रदर्शन गर। जसले यसमा विश्वास गर्छ र बप्तिष्मा लिन्छ त्यसको उद्धार हुनेछ। जसले यसलाई इन्कार गर्दछ, त्यो दोषि ठहरिनेछ। विश्वास गर्नेमा यी चिन्हहरु हुनेछन्: तिनीहरुले विरामीमाथि हात राख्नेछन्, र तिनीहरु निको हुनेछन्; तिनीहरुले भूत आत्माहरु धपाउनेछन्; तिनीहरुले अन्यभाषाहरुमा बोल्नेछन्। यी चिन्हहरु तिनीहरुसंग हुनेछन्।” अन्तिम पदले भनेको छ।

*अनि ती चेलाहरुले गएर सबै ठाउँमा प्रचार गरे। प्रभुले तिनीहरुका साथमा काम गर्दै रहनुभयो, र चिन्हहरुद्वारा वचनलाई सुद्रीढ पार्नुभयो।*

113 त्यो तरिकामा थियो पहिलो मण्डली। र, सुन्नुहोस्, येशूले भन्नुभयो, “म दाखको बोट हुँ, तिमीहरु हाँगाहरु हौ।” र यदि एउटा हाँगाले फल ल्याउछ, दाख, र त्यो दाखले अंगुर फलाउछ, अर्को हाँगा आउन थाल्छ, त्यसले ठिक त्यस्तै नै गरी फल फलाउछ जस्तो पहिलो हाँगाले गरेको थियो।

114 ओ, तपाईले भन्नुहुन्छ, “भाई ब्रन्हाम, तर, ठिक छ, यी सबै मण्डलीहरुलाई हेर्नुहोस्।” त्यो *जोडिएको* दाखहरु हो।

अब, तपाईले कागती वंशको फल जोड्न सक्नुहुन्छ। तपाईले सुन्तलाको रुख लिन सक्नुहुन्छ र त्यसमा कागती राख्न सक्नुहुन्छ र त्यो हुर्किन्छ। त्यो नै हो जुन तपाई मानिसहरुले जोड्नुभयो। र यी संस्थाहरु त्यहि मानिसद्वारा जोडेका कुराहरु हुन्। यो हरेक समय एउटा कागती हो। यो हुर्कन्छ किनकी यो मण्डलीको नाउँमा जोडिदिएको छ। तर, म तपाईलाई भन्छु, यदि त्यो रुखले कहिल्यै अर्को हाँगा आफैमा निकाल्छ भने, त्यसले सुन्तला नै फलाउछ।

र यदि परमेश्वरको शक्तिले कहिल्यै अर्को मण्डली राख्छ भने, त्यो अर्को पेन्टिकोष्ट हुनेछ। र त्यसको पछाडि अर्को प्रेरितको पुस्तक लेखिईनेछ, त्यो सहि हो, किनकि यो परमेश्वरको मण्डली हो।

115 येशूले भन्नुभयो, "म दाखको बोट हुँ। तिमीहरु त्यसका हाँगाहरु हौ। तिमीहरुले आफैमा फल फलाउन सक्दैनौ, म आफैले आफैलाई हाँगामा दिदछु।" र कस्तो खालको फल यसले फलाउछ? "विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछन्।"

116 दोस्रो मण्डली उठ्दै आयो, ख्रीष्टक रहस्यमय शरीरसंग पनि त्यहि चिन्हहरु हुनेछ। "अब केहि समयपछि संसारले मलाई कहिल्यै देख्नेछैन, तर तिमीहरुले मलाई देख्नेछौ, किनकि म तिमीहरुसंग हुनेछु, यहाँसम्म कि तिमीहरु भित्र हुनेछु, हरेक हाँगामा हुनेछु, संसारको अन्त्यसम्म रहनेछु।" येशू ख्रीष्ट हिजो, आज, र सधै भरि एकसमान हुनुहुन्छ। त्यो नै जीवित परमेश्वरको मण्डली हो। त्यो नै पम्रेश्वरको मण्डली हो। त्यो नै तरिकाको साक्षीहरु हो जुन उहाँसंग छ।

117 अब, मण्डलीले बप्तिष्मा पनि सिकाउनुपर्दछ। तपाई बप्तिष्मा भएको हुनुपर्दछ। त्यो आज्ञा हो। येशूले यहाँ भन्नुभयो, मर्कूस १६ मा। हामीहरु केवल यसलाई प्रयोग गर्नेछौ। "विश्वास गर्ने र बप्तिष्मा लिनेले" विश्वास गर्छ, पहिलो, र त्यसपछि तपाईको पापको क्षमाको निम्ति बप्तिष्मा लिन्छ, र तपाईले पवित्र आत्माको वरदान प्राप्त गर्नुहुनेछ।

118 "र पवित्र आत्मा पनि त्यसमाथि आउनेछ," त्यो मण्डलीको शिक्षा हुनेछ। किनकि, येशूले भन्नुभयो, लूका २४:४९। हामी ठिक त्यसको नजिक छौ, त्यसैले आउनुहोस् त्यसमा पल्टाऔ, केवल एक सेकेन्ड, यहाँ ४९ औ पदमा। हामीले ४६ औ र ४७ औ पढ्यौ, ४९ औ मा हेर्नुहोस्।

> *हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरुकहाँ पठाउछु, तर माथिबाट शक्ति प्राप्त नगरुन्जेल तिमीहरु यहि यरूशलेम शहरमा बसिरहो* (बसिरहो को अर्थ "पर्खिरहो") *जबसम्म तिमीहरु माथिबाट शक्ति प्राप्त गर्दैनौ।*

119 यदि ख्रीष्टले मानिसहरुको झुण्डलाई, जो उहाँसंग साढे तिन वर्षसम्म हिडेका थिए, तिनीहरुलाई प्रचार गर्न दिनुहुन्न, या कुनै पनि सुसमाचार पवित्र आत्मालाई नपर्खेसम्म प्रचार गर्न पाउदैनन् भने, आज मण्डलीले पनि त्यहि कुरा गर्नु पर्दछ। पवित्र आत्मालाई पर्खिन पर्दछ।

120 म एक पटक क्याथोलिक महिलासंग कुरा गर्दै थिए, धेरै समय भएको छैन, यहाँ ओरेगनमा, र उनले भनिन्, "अँ, तपाईको मतलव यो मलाई यो भन्न खोज्दै हुनुहुन्छ कि केहि मूर्खहरुको झुण्ड तल त्यहाँ जहाँ तपाईले प्रचार गर्दै हुनुहुन्थ्यो, र चिच्याउने र कराउने गरेको थियो, जुन त्यसरी चलिरहेको, तपाईको मतलव तिनीहरु स्वर्गमा हुनेछ, र स्वर्गमा तिनीहरुले राज गर्नेछ?"

मैले भने, "हो, म्याम"

उनले भनिन्, "अँ, हामी ती कुराहरु विश्वास गर्दैनौ।"

मैले भने, "किनकि तपाईले परमेश्वरको वचन विश्वास गर्नुहुदैन।"

र उनले भनिन्, "हामी विश्वास गर्छौ कि हाम्रो लागि मरियमले मध्यस्थता गर्छिन्।"

मैले भने, "त्यो वास्तवमै गैर–इसाई हो।"

121 उनी कहिल्यै पनि देवी थिईनन्। उनी एउटा स्त्री थिईन्। "परमेश्वरको आमा," कसरी परमेश्वरको एउटा आमा हुनसक्छ? "मरियमको जय, परमेश्वरको माता," कसरी परमेश्वरको एउटा माता हुनसक्छ? उनले परमेश्वरको पुत्र जन्माईन्, ख्रीष्ट येशू। कुनै स्त्री सृष्टिकर्ता होइनन्। उनले एउटा पुरुषको विर्य पकडछिन्। र पुरुष सृष्टिकर्ता होइन। परमेश्वरले जीवन सृष्टि गर्नुहुन्छ। यो त केवल परमेश्वरले राखेको क्रमको निरन्तरता हो, बालबच्चा ल्याउनको लागि। उनी, परमेश्वरको माता होइनन्। परमेश्वरको एउटा माता हुनसक्दैन, किनकि उहाँको कुनै दिनको शुरूवात छैन या जीवनको अन्त्य छैन। उँहा अनन्त हुनुहुन्छ। उनी परमेश्वरकि आमा हुन सक्दिनन्।

122 र मैले भने, "के हुन्छ यदि मैले तपाईलाई त्यो भने कि तपाईको आशिषित कन्या, जसलाई तपाईले एउटा देवीको रूपमा हेर्नुहुन्छ, के हुन्छ यदि पर्मेश्वरले उनलाई स्वर्गमा आउन दिनुहुन्न जबसम्म उनले ती गत रातको मानिसहरुले जस्तो व्यवहार गर्दिन?"

उनले भनिन्, "त्यो ठिक होइन।"

123 मैले भने, "के क्याथोलिक मण्डलीले बाईबल लेखेको भनि तपाईले मलाई भन्दै हुनुहुन्छ, र प्रेरितहरु क्याथोलिक थिए भनि भन्दै हुनुहुन्छ? म त्यो नकार्छु। त्यहाँ अन्तिम प्रेरितको मृत्यु पश्चातको तिन सय वर्ष पछिसम्म

पनि क्याथोलिक मण्डली थिए, नाईसिन काउन्सिल नभएसम्म थिएन। मलाई तपाईले चाहनुभएको कुनै पनि इतिहासको पाना देखाउनुहोस्, तपाईको क्याटेसिज्म होइन, किनकि त्यो इतिहाससंग तुलना हुदैन। त्यहाँ कहिल्यै पनि त्यस्तो खालाको कुरा थिएन।" तर मैले भने, "मरियम... बाईबलले भन्छ कि मरियम, येशूको आमा, र अन्य अरु स्त्रीहरु, एक सय बिस सहित, हरेकले त्यस माथिको कोठाको लागि त्यो भर्याग चड्नु नै पर्थ्यो, र पवित्र आत्माद्वारा भरिपूर्ण तबसम्म हुनपर्थ्यो जबसम्म पिएर मातिएको जसरी, अन्य भाषामा बोलेर, र जडियाहरुको झुण्डहरु जसरी व्यवहार गर्दैनथ्यो। त्यहि नै हो जे बाईबलले भनेको छ।" मैले मेरो हात बाईबलको पदमा राखे। मैले भने, "यसलाई पढ्नुहोस्।"

उनले भनिन्, "मलाई पढ्नु छैन। मलाई पढ्न हुदैन।"

124 मैले भने, "तपाई इमानदार हुनुहुन्न। यहाँ नै हो जहाँ कन्या मरियमले पवित्र आत्मा प्राप्त गरेकि थिईन्, र अन्य भाषाहरुमा बोलेकि थिईन्, र एउटा रक्सि खाएकी स्त्री जसरी मात्तिएर हल्लिएकी थिईन्। अब, यदि तपाई स्वर्ग जानुभयो भने, तपाई उनीसंग जान सक्नुहुन्न, किनकि उनले पवित्र आत्मा प्राप्त गर्नुपर्दछ। र येशूको आमा भएर पनि यदि उनले त्यसो गर्नुपर्छ भने, कति धेरै तपाईलाई त्यसको आवश्यकता छ।"

125 उनले भनिन्, "यदि म कुनै त्यस्तो कुरासंग स्वर्ग जानुपर्छ भने, म स्वर्गमा हुन चाहन्न।"

126 मैले भने, "तपाईले त्यसको लागि खासै चिन्ता लिनुपर्दैन। नसोच्नुहोस् कि तपाई त्यसरी कुनै हालतमा जादै हुनुहुन्छ, जबसम्म तपाई परिवर्तन हुनुहुन्न। त्यसको लागि तपाईले धेरै चिन्ता लिन पर्ने विषय छैन।" त्यो ठिक परमेश्वरको आत्मा हो।

127 "अब, पवित्र आत्मा तिमीहरुमा आएपछि तिमीहरु मेरा साक्षीहरु हौ।" अब, अब यो के हो? तपाईले के भन्दै हुनुहुन्छ? यो के हो? यो कसले स्थापित गर्यो? र यसको संदेश के हो? अब, चाडो गर्दा, थोरै केहि अगाडि जादै गर्दा।

128 चौथो कुरा। हामी कसरी यसको सदस्य बन्दछौ? "हामी कसरी यसमा जोडिन सक्छौ? यो के हो भनि हामी देक्छौ, अब के त? यो मण्डलीमा हामी कसरी शामिल हुनसछौ?" तपाई यसमा शामिल हुन जाने होइन। तपाई शामिल हुन सक्नुहुन्न। त्यहाँ शामिल हुने कुनै तरिका छैन। तपाई

यसमा जन्मिनु हुन्छ। म ब्रन्हाम परिवारमा रहेको छु, एक्काउन्नदेखि छु, र कहिल्यै पनि यो परिवारमा जोडिन आएको होइन। म एउटा ब्रन्हाम भई जन्मेको हुँ। र तपाई एउटा परमेश्वरको पुत्र या परमेश्वरको छोरी भाई जन्मिनु भएको हो।

129 आउनुहोस् हामी यूहन्ना ३ अध्याय लिऔ, केवल एक क्षण, र हेर्नेछौ कि परमेश्वरले यस विषयमा के भन्नुभएको छ। तपाई यो मण्डलीमा कसरी पुग्न सक्नुहुन्न? परमेश्वरले तपाईलाई कस्तो प्रस्ताव दिनुहुन्छ? यूहन्ना, ३ अध्याय, १ देखि ८।

*फरिसीहरु मध्ये निकोदेमस नाउँ भएका एक जना मानिस थिए। तिनी* यहूदीहरुका *महासभाका एक सदस्य थिए।*

*यिनी राति येशूकहाँ आए, र उहाँलाई भने, "गुरुज्यू, हामी जान्दछौ तपाई परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईले गर्नुभएका यी चिन्हहरु कसैले गर्न सक्दैन।"*

*येशूले तिनलाई जवाफ दिनुभयो, "साचै म तिमीलाई भन्दछु, कोहि नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।"*

*...साचै म तिमीलाई भन्दछु, कोहि नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।*

130 तपाई यसमा कसरी आउन सक्नुहुन्छ? यसमा जन्मनु पर्दछ । आउनुहोस् अगाडिको प्रश्न पनि पढौ ।

*निकोदेमसले उहाँलाई भने, "मानिस बूढो भएपछि कसरी जन्मन सक्छ र?"*

त्यो हेर्नुहोस्, त्यो लौकिक, एउटा शिक्षक, एउटा महान् मानिस, एउटा पूजाहारी, बृद्धा, उनको पूरा जीवन बाईबल पढेर बसेको मानिस।

*के त्यो आफ्नी अआमाको कोखमा दोश्रो चोटी पसेर जन्मन सक्छ?*

अब, तपाईले आज बुद्धिमान शिक्षकहरुबाट सुन्नुहुन्छ के यो त्यस्तै छैन।

*येशूले जवाफ दिनुभयो, "साँचै म तिमीलाई भन्दछु, कोहि पानी...* (हामी कसरी यसमा पुग्न सक्छौ?) *र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन।"*

131 "जबसम्म उ जोडिन आउदिन?" तपाई यसमा जोडिन सक्नुहुन्न। तपाई यसमा जन्मिनु पर्छ। यो होइन कि "आउँ र शामिल हौ।" आउ र जन्मिऊ।

*शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। मैले* तिमीलाई *नयाँ गरी जन्मनुपर्छ* भन्दा *अचम्म नमान। बतास जता चाहन्छ उतै* बहन्छ। *तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट* आउछ *र कता जान्छ, त्यो* जान्दैनौ। *आत्माबाट जन्मेको* हरेक *व्यक्ति त्यस्तै हुन्छ।*

132 हेर्नुहोस्, तपाई यसमा शामिल हुने होइन। यो एउटा रहस्यमय कुरा हो। तपाई ख्रीष्टको रहस्यमय शरीरमा जन्मिनु हुन्छ। त्यो तरिकामा तपाई जानुहुनेछ।

पहिलो कोरिन्थी, १२ औ अध्याय। आउनुहोस् अझै केहि माथि जाऔ। हामीसंग अझै केहि बाकि छ। म यसलाई बाहिर ल्याउन चाहन्छु यदि सम्भव भए। यदि तपाईले केवल...मलाई थाहा छ यो गर्मी छ, तर आउनुहोस् यहाँ शुरू गरौँ, केवल एक मिनेटको लागि। पहिलो कोरिन्थी, १२ औ अध्याय, १३ औ पद।

"किनकि एउटा हात मिलाई बाट, एउटा प्रतिज्ञाद्वारा। म महान पवित्र रोमन मण्डलीमा विश्वास गर्ने कसम खान्छु। आउनुहोस्, मेरो हात मिलाउनुहोस्। तपाईको नाउँ यो किताबमा राख्नुहोस्। एउटा पत्रबाट, एउटा चिठ्ठीबाट आउनुस्?" तपाईले पढ्न सक्नुहुन्छ त्यस पुरानो महिला अल्मानाकको जन्म दिनबाट, तर तपाईले परमेश्वरको बाईबलबाट यसलाई पढ्नसक्नुहुन्न। हो, श्रीमान्। हो।

*किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले (शामिल भएको, भनिएको छ?) एउटै शरीरमा, जुन ख्रीष्टको शरीर हो, बप्तिष्मा पाएका छौं* (एउटा संस्थाबाट?)–यहूदी वा ग्रीक, कमारो वा फुक्का, हामी सबैलाई *एउटै पवित्र आत्माबाट पिउनलाई दिईयो।*

133 मेथोडिष्टको आत्माबाट होइन, ब्याप्टिष्टको आत्माबाट होइन, पेन्टिकोष्टलको आत्माबाट होइन। तर, "किनकि एउटै पवित्र आत्माद्वारा हामी सबैले यस रगतसंग भरिएको मूलबाट बप्तिष्मा पाएका छौं।"

इम्मानुएलको नशाबाट झरेको छ,
जहा पापीहरु भलको मुनी डुब्दछ,
तिनीहरुको सबै दोषको कलंक हराउछ,

मर्दै गरेको चोरले देखेर आनन्द मनायो
त्यो मुहान देखेर जुन उनको दिनमा थियो;
त्यहाँ म हुन्थे, यद्धपि ऊ जस्तै घिनलाग्दो,
मेरो सबै पापहरु धोईयो।

134 एउटै शरीर! कसरी हामी त्यस शरीरमा आउदछौ? कसरीमा त्यसमा आउछौ? "किनकि एउटै पवित्र आत्माद्वारा हामीहरु एउटै शरीरमा बप्तिष्मा भएका छौं।" र जब त्यस शरीरमा, सित्तैको, पुनरुत्थानको निश्चितता, "परमेश्वरले हामी सबैको अधर्म आफैमा काधमा राख्नुभयो।" "हात मिलाईबाट" गर्नु भएको होइन, न त "एउटा मण्डलीको चिठ्ठीबाट" भयो। तर, "एउटै पवित्र आत्माद्वारा; यहूदी, अन्यजाति, गौगोरो, कालो, गोरो, एउटै पवित्र आत्माद्वारा हामीहरु एउटै शरीरमा उहाँको आफ्नै रगतको करारबाट बप्तिष्मा भएका छौ।" "र जब म रगत देख्दछु, म तिमीहरुलाई नाघेर जानेछु," र तिनीहरु मृत्युबाट स्वतन्त्र हुन्छन्, दुखाईबाट स्वतन्त्र, पापबाट स्वतन्त्र हुन्छन्। "जो परमेश्वरबाट जन्मेको छ, त्यसले पाप गर्दैन, किनकि परमेश्वरको बिऊ त्यसमा रहेको हुन्छ र त्यसले पाप गर्न सक्दैन।" कुनै पाप छैन।

"तर यसकारण तिमीहरु सिद्ध होओ, जस्तो स्वर्गमा बस्नुहुने तिमीहरुको पिता सिद्ध हुनुहुन्छ।" येशूले भन्नुभयो। तपाई कसरी सिद्ध हुनसक्नुहुन्छ? तपाई यसो गर्न सक्नुहुन्न। तपाई पापमा जन्मिनुभयो, अधर्मका साथ आउनुभयो, संसारमा झुट बोल्दै आउनुभयो। तर जब तपाईले ख्रीष्टलाई तपाईको पाप बोक्नुहुनेको रूपमा स्वीकार गर्नुहुन्छ, जब तपाईले उहाँलाई विश्वासका साथ स्वीकार गर्नुहुन्छ, तपाईले विश्वास गर्नुहुन्छ कि उहाले तपाईको उद्धार गर्नुभयो, र उहाँ तपाईको ठाउँमा मर्नुभयो र तपाईको पापहरु लिनुभयो, तब पर्मेश्वरले तपाईलाई ग्रहण

गर्नुहुन्छ र शरीरमा बप्तिष्मा गराउनुहुन्छ र कुनै पाप देख्नुहुनेछैन। कसरी म पापी हुन सक्छु जब कि त्यहाँ वेदिमा मेरो लागि प्रायश्चित छ?

135 कसरी एउटा प्रहरीले मलाई शहरमा पक्राउ गर्नसक्छ, जब कि शहरको अधिकारीहरुले मलाई मैले चाहेको कुनै पनि गतिमा गाडि कुदाउने अधिकार दिन्छ? तपाईले मलाई पक्रन सक्नुहुन्न। यदि मेयरले भन्छ, "रेभ. ब्रन्हाम, तपाई विरामीको वुलावामा जादै हुनुहुन्छ। कुनै पनि क्षेत्रमा तपाईले चाहनुभएको गतिमा हाक्नुहोस्," त्यसको लागि मलाई अनुमतिको पत्र दिन्छ, कुनै पनि प्रहरीले मलाई समात्न सक्दैनन्। किनकि मेयरले ममा भरोसा गर्नुभएको छ, कि मैले तबसम्म त्यो गर्दिन जबसम्म त्यो आकस्मिक अवस्था आउदैन।

136 र जब परमेश्वरले मलाई ग्रहण गर्नुभयो र मलाई पवित्र आत्माद्वारा बप्तिष्मा गराउनुभयो, कि उहाँमा म प्रति भरोसा थियो कि मैला इच्छापूर्वक पाप गर्दिन। आमेन। म इच्छापूर्वक पाप गर्दिन। त्यसै कारणले, उहाँको पुत्रले मेरो निम्ति प्रायश्चित राख्नुभयो, र म धार्मिक ठहराउन्जेल र उहाले मलाई आफ्नो शरीरमा राखुन्जेल म एउटा पापी हुन सक्दिन। मेरो उहाँसंग उद्धार भयो। मैले के गर्छु त्यो होइन, तर उहाँले मेरो निम्ति के गर्नुभयो। त्यो हो सुसमाचार।

137 एफिसी ४:३० ले भन्छ, "परमेश्वरको पवित्र आत्मालाई दुःखित नतुल्याओ जसमा उद्धारका दिनको निम्ति तिमीहरु छाप लगाईएका छौ।"

138 प्रशिद्ध ब्याप्टिष्ट प्रचारकले मलाई भन्नुभएको थियो, धेरै समय भएको छैन, उहाँले भन्नुभएको थियो, "भाई ब्रन्हाम, अब्राहामले परमेश्वरलाई विश्वास गरे, र त्यो उनलाई धार्मिकताको निम्ति राखिएको थियो। उनले परमेश्वरलाई विश्वास गर्न बाहेक अरु के गर्न सक्थ्यो र?" उहाँले भन्नुभयो, "हामीले विश्वास गर्छौं कि हामीले विश्वास गर्दा हामीले पवित्र आत्मा प्राप्त गर्यौं।"

139 मैले भने, "तर तपाई गलत हुनुहुन्छ। तपाई साचै नै गलत हुनुहुन्छ। पावलले भनेको छ, प्रेरित १९ मा, ती ब्याप्टिष्टहरुलाई जोसंग त्यहाँ एउटा असल पास्टर थियो, एउटा परिवर्तन भएका वकिल, सोधेका थिए 'जब तिमीहरुले विश्वास गर्यौ के तिमीहरुले पवित्र आत्मा पायौ?"

उनले भने, "सक्कलले त्यसो भन्दैन।"

140 मैले भने, “अब्राहामले विश्वास गरे त्यो सत्य हो। तर उहाँले उनको विश्वास ग्रहण गर्नुभएको छ भनि परमेश्वरले उनलाई एउटा चिन्ह दिनुभएको थियो, उनलाई खतानाको छाप दिएर चिन्ह राख्नुभएको थियो।” त्यो सहि हो। उहाले उनलाई स्वीकार गर्नुभएको थियो, किनकि उहाँले उनलाई ग्रहण गर्नुभएको छ भनि एउटा चिन्ह दिनुभएको थियो।

141 यदि तपाईले भन्नुहुन्छ कि तपाईले विश्वास गर्नुहुन्छ, र अझै पनि पवित्र आत्मा प्राप्त गर्नुभएको छैन, परमेश्वरले तपाईलाई अझै पनि छाप लगाउनुभएको छैन, तपाईलाई भरोसा गर्नलाई उहाँमा पर्याप्त भरोसा हुनसकेको छैन। जब तपाई परमेश्वरमा आउनुहुन्छ, परमेश्वरले तपाईको उद्धारको दिनसम्मको लागि पवित्र आत्माको छाप लगाउनुहुन्छ। त्यो नै मण्डलीको संदेश हो। आमेन। केवल थोरै माथि सम्म जानेछु। ठिक छ। अब, पहिलो कोरिन्थी १२:१३, “एउटै पवित्र आत्माद्वारा हामी सबैको एउटै शरीरमा बप्तिष्मा भएको छ।”

142 प्रेरित, यहाँनिर बाटो छ जहाँ हामी प्रवेश गर्छौं। यहाँ निर मण्डलीको उदघाटन भएको छ, प्रेरित, २ अध्याय। जब मण्डलीलाई पेन्टिकोष्टको दिन पछि पहिलो संदेश प्रचार गरिएको थियो, तिनीहरु पवित्र आत्माले भरिएका थिए। मरियम, सबै प्रेरितहरु, तिनीहरु सबै पवित्र आत्माले भरिएका थिए, अन्य भाषाहरुमा बोल्दै थिए, र त्यसरी नै रक्सि खाएर मातेका मानिसहरुको झुण्ड जस्तै भईरहेका थिए। र जब तिनीहरुको अचम्मको समय भईरहेको थियो, चिच्याईरहेका र परमेश्वरको प्रशंशा गरिरहेका, र पवित्र आत्माको प्रभावमा हिडिरहेका थिए, तिनीहरुले चाहे त्यो आईतवार, या सोमबार या जुनै पनि दिन थियो या केहि थियो भनि वास्ता गरेनन्। तिनीहरुको महान् समय भईरहेको थियो, कराईरहेका र त्यस्तै गरिरहेका थिए। किन, महान् विद्वान मानिसहरुले भनिरहेका थिए, “यी मानिसहरु नया रक्सी खाएर मातिरहेका छन्।”

143 अब, यहाँ पत्रुस स्वर्गको राज्यको साचो सहित उभिन्छन्, उनको पक्षमा पवित्र आत्माको साचो छ। येशूले भन्नुभयो, “म भन्दछु तिमी पत्रुस। यस चट्टान माथि म मेरो मण्डली बसाल्नेछु, र नरकको ढोकाहरुले त्यस माथि विजय पाउनेछैन।” यो के हो? एउटा आत्मिक, प्रकाश गरिएको सत्य हो। “मासु र रगतले तिमीलाई यो प्रकाश गरेको होइन। तिमीले यो कुनै एउटा सेमिनारीमा सिकेका होइनौ। कसैले तिमीलाईलाई यो सिकाएको होइन। तर

यो एउटा प्रकाश हो, बुझ्नुभयो। प्रकाश! म भन्छु तिमी पत्रुस। म तिमीलाई राज्यको साचाहरु दिन्छु। जे कुरा तिमीले पृथ्वीमा बाँध्छौ, म त्यसलाई स्वर्गमा बाध्नेछु। जे पनि तिमीले पृथ्वीमा फुकाउछौ, म त्यसलाई स्वर्गमा फुकाउनेछु।" उहाँले आफ्नो वचन राख्नुपर्दछ। पेन्टिकोष्टको दिनमा, प्रतिनिधि को थिए? पत्रुस, 'किनकि उनीसंग साचाहरु थिए।'

144 र ती मानिसहरु तिनीहरु प्रति हासीरहेका थिए, भने, "यी मनिसहरु नया रक्सी पिएर मातिरहेका छन्।"

145 पत्रुसले भने, "यिनीहरु नया मद्यले मातेका छैनन्, किनकि अहिले बिहानको नौ मात्रै बजिरहेको छ। तर यो योएल अगमवक्ताद्वारा भएको कुरा यहि हो 'आखिरी दिनहरुमा यस्तो हुनेछ भनि परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरु माथि मेरा आत्मा खन्याईदिनेछु, र तिमीहरुका छोराहरु र तिमीहरुका छोरीहरुले अगमवाणी बोल्नेछन्, र तिमीहरुका युवकहरुले दर्शन देख्नेछन्, र तिमीहरुका बूढापाकाहरु स्वप्नदर्शी हुनेछन्। म आफ्ना दास–दासीहरु माथि ती दिनमा मेरा आत्मा खन्याईदिनेछु, र तिनीहरुले अगमवाणी बोल्नेछन्। माथि आकासमा म अचम्मका काम र तल पृथ्वीमा चिन्हहरु देखाउनेछु, अनि जसले परमप्रभुको नाउँ लिनेछ, त्यसले उद्धार पाउनेछ।'"

146 "जब तिनीहरुले यी कुराहरु सुने, तिनीहरुको हृदय छियाछिया भयो अनि पत्रुस र अरु प्रेरितहरुलाई तिनीहरुले भने, ए भाई हो हामीले बाच्नको निम्ति के गर्नु पर्दछ?" यहाँ मण्डलीको आज्ञा छ। अब तिनीहरु थाहा पाउन चाहे कि कसरी यो रहस्यमय शरीरमा पुग्ने। ठिक छ।

147 प्रेरित, २ अध्याय, ३७ औ पद बाट शुरू हुन्छ, उदघाटनको प्रवचन। तपाईले त्यसलाई बदलाउन सक्नुहुन्न। तपाईले यसलाई परिवर्तन गर्न सक्नुहुन्न। सुन्नुहोस्।

148 यदि तपाईको चिकित्सकले तपाईलाई एउटा औषधी विधि लेखिदिनुहुन्छ, र तपाईले त्यो औषधी पसलमा लानुभयो, कुनै कुनै औषधी स्वास्थ्यकर्मी कहाँ, तपाईलाई थाहा छ, उनले तपाईलाई त्यो औषधी विधिले मार्न सक्छ। तपाईले देख्नुहुन्छ, त्यस चिकित्सकलके यदि धेरै लेख्छ, किनकि उनी त्यसो गर्नको लागि प्रशिक्षित छ। र उनले तपाईलाई यदि धेरै विष लेख्छ, र र उनले त्यो विषलाई मार्नको लागि विष विरोधी औसधी त्यहाँ राखिदिन्छन्। उनले केहि त्यस्तो कुरा मिलाउनु पर्छ जसले

अरु औषधीलाई निस्क्रिय पार्छ। र यदि त्यो औषधी विधि पत्र त्यस चिकित्सकले लेखेको जस्तै गरी भरिएन भने, त्यसले तपाईलाई मार्छ।

149 र, परमेश्वर चिकित्सक हुनुहुन्छ। उहाँ प्राणको चिकित्सक हुनुहुन्छ। उहाँ मुक्तिको चिकित्सक हुनुहुन्छ। र उहाँले मानिसलाई आफै थियोलोजीमा शिक्षित गर्नुभयो, पत्रुस, जसले उनको अगाडि लेखिएको आफ्नै नाम पनि पढ्न नसक्ने अशिक्षित व्यक्ति थिए। तर उहाँले उनलाई पवित्र आत्मा दिनुभयो, र उनलाई यसको बारेमा सिद्धान्त लेख्नको लागि कलम दिनुभयो। त्यसैले, पेन्टिकोष्टको दिनमा, उनले औषधी विधि लेखे। आउनुहोस् हेरौ उनले के लेखे। डा. सिमोन पत्रुस, तपाईको मुक्तिको लागि औषधी विधि के रहेछ हेरौ। आउनुहोस् हेरम यसमा के लेखेको रहेछ।

> *यो कुरा सुनेर तिनीहरुको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरुलाई तिनीहरुले भने, "ए भाई हो, हामीले के गर्ने?"*
>
> (ध्यान पुर्याउ तिमीसंग साचाहरु छन्) *तब पत्रुसले तिनीहरुलाई भने, "पश्चताप गर, र तिमीहरुका पाप–क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरु प्रत्येकले बप्तिष्मा लेऊ, र तिमीहरुले पवित्र आत्माको वरदान पाउनेछौ।"*
>
> *किनकि प्रतिज्ञा तिमीहरुका निम्ति, तिमीहरुका सन्तानको निम्ति र* टाढा–टाढामा *रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।*

150 त्यो नै औषधी विधि हो। यसमा चिकित्सक बन्न नखोज्नुहोस्; तपाईले तपाईको विरामीलाई मार्नुहुनेछ। त्यहि नै धेरै जसो यी मानिसहरुसंग भएको छ जसले यो कुरा गर्छन्, "पिता, पुत्र, र पवित्र आत्मा।" तिनीहरु धेरै जसो आत्मिक मानिसहरुलाई मारीरहेका छन्, गलत कुराले चिकित्सक बन्दैछन्। त्यहाँ त्यस्तो कुनै कुरा छैन। बाईबलमा कोहि पनि कहिल्यै "पिता, पुत्र, पवित्र आत्मामा" को नाउँमा बप्तिष्मा भएका थिएनन्। त्यहाँ कहिल्यै पनि त्यस्तो उत्सव थिएन जबसम्म क्याथोलिक मण्डलीले गर्यो। त्यसको आमा नै क्याथोलिक मण्डली हो। धर्मशास्त्रमा खोज्नुहोस्। इतिहासमा खोज्नुहोस् र पत्तो लगाउनुहोस्। पहिलो पटक "पिता, पुत्र र पवित्र आत्मा" मा गर्ने एउटा क्याथोलिक पूजाहारी थिए।

151 तिनीहरुले ती मानिसहरुलाई छिर्काउ गरे। छिर्काउ क्याथोलिक मण्डलीले आदेश गरेका थिए, “**वेश्याहरुकि आमा।**” ठिक फर्केर “वेश्यामा” आएकि छे।

152 क्याटेसिज्ममा यसले यो भन्छ, “के त्यहाँ प्रोटेष्टेन्ट बाचेको भन्ने त्यस्तो कुनै कुरा छ कहिल्यै छ?” भनेको छ, “कहिले काहि अवश्य बाचेको छ, किनकि तिनीहरुले क्याथोलिक सिद्धान्त अपनाएका छन्।” तिनीहरुले तिनीहरुको बाईबल लिदैनन्। तिनीहरुले “पिता, पुत्र र पवित्र आत्मा” को नाउँमा बप्तिष्मा दिन्छन् र तिनीहरुसंग त्यसको लागि कुनै धर्मशास्त्रको पद छैन। भन्छन्, “तर क्याथोलिक मण्डलीले यसको शुरूवात गरेको हो,” र तिनीहरुले स्वीकार्छन्। “क्याथोलिक ढाचाबाट, त्यहाँ कोहि बाँचेका हुनसक्छन्।” होइन, त्यस्तो खालको कुनै कुरा छैन। त्यस तरिकामा कोहिको पनि कहिल्यै बप्तिष्मा भएको छैन। कसैले पनि कहिल्यै बाईबलमा छिर्काएको छैन, खन्याएको छैन, या पानीमा डुबाएर पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा भन्दा बाहेक अरु कुनै तरिकामा गरेको छैन।

153 केहि समय अगाडि हामीले के पढ्यौ, र मैले तपाईलाई भनेको थिए, त्यसमा पछि आऔला? त्यो, “पश्चाताप र पाप क्षमा उहाँको नाउँमा प्रचार गरिनु पर्छ।” कहाँ निर? केवल यरूशलेममा, यहूदीहरुमा? “यरूशलेमबाट शुरू गरेर सारा जातिहरुमा, सारा संसारमा।” अब, डा.सिमोन पत्रुसले यो औषधी विधि लेखेका हुन्।

154 तपाईहरुको चाहि के छ, डाक्टरहरु, के तपाईले त्यसमा केहि कुरा संगै ल्याउन कोशिष गर्दै हुनुहुन्छ? यसमा केहि पनि नथप्नुहोस्। यो जस्तो छ त्यस्तै लिनुहोस्। त्यो नै मण्डलीलाई आज्ञा हो। त्यहि नै तरिकामा हो तपाई आउने, “पश्चाताप गरि, र पाप क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिनुहोस्, र पवित्र आत्मा प्राप्त गर्ने प्रतिज्ञा पूरा हुदछ।” अब, यो नै हो जे बाईबलले भन्दछ, “मण्डलीमा बप्तिष्मा भएको! मण्डलीमा बप्तिष्मा भएको।”

155 आउनुहोस् गलाती ३:२६ पढौ, एक मिनेटको लागि। हामीसंग अरु छैन केवल एउटा हो, दुइटा, तिनवटा कुराहरु यहाँ छ, त्यसपछि हामीले बन्द गर्नुपछ। अब आउनुहोस् यहानिर गलातीमा, ३ अध्यायमा पढौ। यदि कसैले मैले पाउनुभन्दा अगाडि पाउनुभयो भने, यसलाई पढिदिनुहोला। [एउटा बहिनीले गलाती ३:२६ पढ्न थाल्नुहुन्छ. “किनकि तिमीहरु सबै

छोरा छोरीहरु...”—सम्पा] पढ्दै जानुहोस्। [“किनकि तिमीहरु सबै ख्रीष्ट येशूमा भएको विश्वासद्वारा परमेश्वरका सन्तान हौ।”] गलाती ३:२६? [“म यसलाई पढ्छु।”]

हुनसक्छ मैले पढिसकेको होला, यहाँ गलत लेखेछु। हुनसक्छ कलस्सी होला। आउनुहोस् कलस्सी पढौं। मलाई—मलाई थाहा छ म कहाँ जादैथिए। आउनुहोस् हेरौ कतै यो कलस्सी ३:२६ होकी। होइन त्यहाँ ३:२६ छैन रहेछ।

त्यो के होला अब, गलाती ३:२६? [बहिनीले भन्नुहुन्छ, “हजुर।”—सम्पा] यहाँ, यहाँ मैले पाए। त्यो सहि हो। पढ्दै जानुहोस् बहिनी, गलाती ३:२६, तपाईले शुरू गर्नुभएको बाट। यहाँ यो छ, २६, २७ र २८। अब ध्यान दिएर सुन्नुहोस्। [बहिनीले गलाती ३:२६−२८]

*किनकि विश्वासद्वारा तिमीहरु सबै ख्रीष्ट येशूमा परमेश्वरको सन्तान हौ।*

*किनकि तिमीहरु मध्ये जतिको ख्रीष्टमा बप्तिष्मा भयो, तिमीहरु सबैले ख्रीष्टलाई धारण गरेका छौ।*

*अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरु सबै एउटै हौ।*

156 हामी कसरी यस शरीरमा आउछौ? कसरी हामीले यो गर्यौ? “ख्रीष्ट येशूको शरीरमा एउटै पवित्र आत्माबाट बप्तिष्मा भएर।”

157 अब, अर्को कुरा जुन मण्डलीको संदेश हो, हामी कसरी मण्डलीमा आउछौ, त्यो पवित्रीकरणबाट हो। र पवित्रीकरण, हिब्रू १३:१२ र १३, “यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरुलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो।”

158 अब, एफिसी, आउनुहोस् त्यहाँ जाऊ। हामीले त्यो एउटा पढ्नुपर्छ। एफिसी ५:२५, ठिक अहिले चाडै गर्नेछौ। एफिसी ५:२५। ठिक छ। यहाँ हामी छौ ५:२५। होइन, मैले अझै पनि गलत भेट्टाएछु। मैले यहाँ लेखेको रहेनछु। आउनुहोस् हेरौ। “त्यसैकारणले, प्रचारकहरु र पूजाहारीहरु...” ओ, हो। मैले यो लेखिरहेको थिए, चाडो लेख्दै थिए केहि अगाडि, त्यसैले मैले गलत चाहि लेखेको हुनुपर्छ...ओ, मैले गलत पाना हेरेछु। त्यहि हो। आमेन। हो। ठिक छ।

159 हिब्रू १२ र १३, "यसकारण येशूले पनि उहाँको आफ्नै रगतद्वारा मानिसहरुलाई पवित्र गराउन ढोकाबाहिर कष्ट भोग्नुभयो।"

160 त्यसैकारणले, मानिस, यहि तरिकामा हामी मण्डलीमा आउछौ: पश्चाताप गरेर; हाम्रो पापको क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिएर; र एउटा प्रतिज्ञा जुन हामीले पवित्र आत्माको बप्तिष्मा प्राप्त गर्नेछौ। त्यसैले त्यहाँ कुनै प्रचारक छैन जसले हामीलाई यसमा हल्लाउन सक्छ। त्यहाँ कुनै पूजाहारी छैन जसले हामीलाई यसमा शपथ खुवाउन सक्छ। तर हामी यसमा जन्मेका छौ, मशिही राज्यको राजाद्वारा। आमेन।

161 अब, केवल यो एउटा, के म अझै यो एउटा लिन सक्छु? यहिनिर हो जहाँ मसंग थियो। तपाईहरु कतिजना मसंग केहि मिनेट लामो समय अझै बस्नुहुन्छ?[सभाले भन्छ, "आमेन"—सम्पा] बुझ्नुभयो? केवल एउटा...अहिले समय साडे नौ भएको छ।

162 अब, के हामी मण्डली बिना स्वर्गमा जान सक्छौ? केवल यसमा के प्रतिक्रियाहरु लिनेछौ, 'किनकि मसंग लगभग दर्जन जति लेखिएर राखेको छु, जस्तो तपाईले देख्न सक्नुहुन्छ। तर म—म...मात्रै एउटा कुरा, जुन हामीलाई थाहा हुनसक्छ। होइन, श्रीमान्। तपाई यस मण्डलीको सदस्य नभईकन स्वर्गमा जान सक्नुहुन्न।

163 अब, पहिलो कुरा, यूहन्ना ३:५ मा, येशूले भन्नुभएको छ, "मानिस पानी र आत्माले नजन्मेसम्म!" ("पश्चाताप गर, र पाप क्षमाको लागि येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लेऊ, र तपाई आत्माद्वारा जन्मिनु हुनेछ।") पानीद्वारा जन्मने, आत्माद्वारा जन्मने! "मानिसले यो नपाएसम्म, त्यस व्यक्ति स्वर्गको राज्यमा प्रवेश समेत गर्नेछैन।" त्यसले स्वर्गको राज्य पनि देख्ने छैन। तब यदि तपाई पानी र आत्माद्वारा जन्मनुभएको छ भने, तपाई मण्डलीमा हुनुहुन्छ। यदि तपाई पानी र आत्माले जन्मनुभएको छैन भने, तपाई मण्डली भित्र हुनुहुन्न, र स्वर्गको राज्य देख्न पाउनुहुने छैन। के त्यसले अर्थ दिएको छ तपाईलाई? [सभाले भन्छ, "आमेन"—सम्पा] यो केवल सटिक रूपमा सहि छ। अब के तपाईले...

164 तपाईले भन्नुहुन्छ, "ठिक छ, भाई ब्रन्हाम, म विश्वास गर्छु।" ठिक छ, सुन्नुहोस्, "र मैले कहिल्यै पनि पवित्र आत्मा प्राप्त गरेको छुइन।" होइन, तपाईले अझै पनि विश्वास गर्नुभएको छैन। तपाई केवल विश्वास *मा* विश्वास गर्दै हुनुहुन्छ। तपाईमा आशा छ।

किनकि, पहिलो कोरिन्थीमा, १२ औ अध्याय, र ३ पदमा। आउनुहोस् हामी त्यसको नजिकै हुदै गर्दा त्यसलाई पनि तानौ, यदि तपाई चाहनुहुन्छ भने। पहिलो कोरिन्थी १२, १२ औ अध्याया र ३ पद। र हामी त्यसलाई चाडो गर्नेछौ, र—र यहाँ पढ्नेछौ, र हेर्नेछौ प्रभुसंग हाम्रो लागि यहाँ के कुरा छ। पहिलो कोरिन्थी १२, ठिक छ, र ३ पद।

*यसकारण तिमीहरुल.ए यो कुरा बुझ्केको म चाहन्छु, कि परमेश्वरका आत्माद्वारा* बोल्ने *कसैले "येशू श्रापित होस्" भन्दैन, अनि पवित्र आत्माद्वारा मात्र "येशू नै प्रभु हुनुहुन्छ" भन्न सक्छ।*

165 तपाईलाई यसको बारेमा तबसम्म केहि थाहा थिएन जबसम्म तपाईले पवित्र आत्मा प्राप्त गर्नुभएको थिएन। तपाईले भन्नुहुन्छ, "म येशू ख्रीष्टलाई मेरो व्यक्तिगत मुक्तिदाताको रूपमा ग्रहण गर्छु।" तिमीहरुले विश्वास गरे देखि के तिमीहरुले पवित्र आत्मा प्राप्त गर्यौ? यदि तिमीहरुले पाएका छैनौ भने, तपाईले उहाँलाई प्रभु समेत भन्न सक्नुहुन्न, किनभने उहाँ प्रभु हुनुहुन्न। उहाँ एउटा ऐतिहासिक पात्र हुनुहुन्छ जसलाई विश्वासद्वारा तपाईले स्वीकार गर्नुभएको छ। तर जब उहाँ तपाईमा पवित्र आत्माद्वारा आउनुभएको छ, उहाँ तपाईको प्रभु हुन्छ। कुनै पनि मानिसले पवित्र आत्माद्वारा बाहेक येशू नै "प्रभु" हुनुहुन्छ भनि भन्नसक्दैन; परमेश्वरको आत्माले तपाई नजन्मेसम्म, र पवित्र आत्मा तपाईभित्र नभएसम्म भन्न सक्नुहुन्न। तब, यदि तपाई, तपाई यस राज्यमा जन्मनुभएको छ, र तपाई मण्डलीको हिस्सा हुनुहुन्छ। तब तपाई बोलाईएको हुनुहुन्छ। तपाईले यो देख्दै हुनुहुन्छ? [सभाले भन्छ, "आमेन।"—सम्पा] ठिक छ, अब।

166 के एउटा गहुँ आफैमा जीवन नभईकन गहुँबाट जीवन आउनसक्छ? यदि गहुँको एउटा दाना मैदानमा राखिन्छ, एउटा उम्रन्छ, र अर्को चाहि उम्रिदैन। त्यो एउटा जुन उम्रिदैन, के त्यो जिउन सक्छ? [सभाले भन्छ, "सक्दैन"—सम्पा] कुनै तरिकाले पनि जिउदैन। त्यसमा केहि पनि छैन। यद्धपि, समानको रूपमा, यसले उत्तिकै रामोर, भुटेको मकै बन्नसक्छ जत्तिको अर्को बन्न सक्छ। त्यसले उत्तिकै राम्रो संग मकैको रोटि बनाउनसक्छ जत्तिको अर्कोले बनाउनसक्छ। यो भकारीमा उत्तिकै राम्रो देखिन्छ जत्तिको अर्को देख्छ। तर यदि त्यो आफूमा जीवन छैन भने, यो फेरी हुर्किन सक्दैन।

167 एउटा मानिस जो एउटा असल व्यक्ति हो, ठिक एउटा असल मण्डलीको सदस्य एउटा इसाई जत्तिकै असल हुनसक्छ। एउटा मानिस जो असल छ, त्यो व्यक्ति एउटा इसाई जत्तिकै असल नागरिक हुनसक्छ; एउटा असल मानिस, नैतिक मानिस हुनसक्छ। तर जब ऊ मर्छ, त्यहि नै सबै सकिन्छ, जबसम्म ऊ परमेश्वरको आत्माबाट नया गरी जन्मेको हुदैन। किनकि, सबैकुरा जसको एउटा शुरूवात छ त्यसको अन्त्य हुनु नै पर्दछ।

168 परमेश्वर मात्र एउटा कुरा हुनुहुन्छ जो अनन्त हुनुहुन्छ। त्यसैकारणले, उहाँको जीवन प्राप्त गरी हामी परमेश्वरको भाग भएका छौ। येशूले भन्नुभयो, "तिनीहरुलाई अनन्त जीवन दिने म नै हुँ।" ग्रीक शब्द त्यहाँ *जोए* छ, जसको अर्थ "परमेश्वरको आफ्नै जीवन" हो। र तपाईले फेरी जीवनसक्ने एक मात्र तरिका हो अनन्त जीवन हुनु, जुन परमेश्वरको जीवन हो, किनभने तपाईको जीवन नष्ट भएर जान्छ। र तपाईमा अनन्त जीवन छ, र...परमेश्वर मर्न सक्नुहुन्न र तपाई पनि मर्नुहुन्न। "जसले ममा अनन्त जीवन छ भनि विश्वास गरेका छन्, र म त्यसलाई अन्तिम दिनमा उठाउनेछु, फेरी त्यसलाई जीवित पार्नेछु।" उहाँमा भएको अनन्त जीवनले उसलाई जीवित पारी उठाउनेछ।

169 अब, के हामी मण्डलीमा नभईकन स्वर्गमा जान सक्छौ? तपाई मण्डलीमा नया गरी नजन्मेसम्म हुन सक्नुहुनेछैन। तपाई नया गरी नजन्मेसम्म तपाई स्वर्गमा जानसक्नुहुन्न। यदि तपाई नया गरी जन्मनुभएको छ भने, तपाई मण्डली भित्र हुनुहुन्छ। त्यसैले तपाई तबसम्म स्वर्गमा जानसक्नुहुन्न जबसम्म त्यस मण्डलीको हिस्सा हुनुहुन्न, र तपाई तबसम्म सदस्य हुनसक्नुहुन्न जब सम्म तपाई यसमा नया गरी जन्मनु हुदैन।

170 र अब म तपाईलाई थोरै रोक्छु। र तपाई तबसम्म एउटा सदस्य हुनसक्नु हुन्न जबसम्म परमेश्वरले तपाईलाई एउटा सदस्य हुनको निम्ति बोलाउनुहुन्न। अब, त्यसको लागि तपाई कति खुसी हुनपर्ने हो, किनकि तपाई संसारको उत्पत्ति हुनभन्दा अगाडि पूर्वनियुक्त गरिनुभएको छ। र तपाईको नाउँ...ह्यु! "तपाईको नाउँहरु थूमाको जीवनको पुस्तकमा लेखिएको थियो।" मण्डलीको पुस्तक, "संसारको जग बसालिनु भन्दा पहिले" त्यो नै बाईबल हो।

बाईबलले भनेको छ, "ख्रीष्ट–विरोधी" संस्थाहरु, क्याथोलिक मण्डली र बाकि रहेका संस्थाहरु सहित, "पृथ्वीका सबैलाई धोकामा

राख्नेछ, जसको नाउँहरु संसारको उत्पत्ति हुनभन्दा अगाडि थूमाको जीवनको पुस्तक लेखिएको छैन।"

येशूले भन्नुभयो, "ती सबै जसलाई मेरो पिताले मलाई दिनुभएको छ म कहाँ आउनेछ।" त्यो उहाँको आफ्नै वचन हो। तपाईले के गर्नुभयो त्यो कुरा होइन, तर उहाँले के गर्नुभयो त्यो कुरा हो।

171 आउनुहोस् यसलाई पूर्ण पारौ, केवल एक मिनेट। आउनुहोस् एफिसीमा १ अध्यायमा चाडो पल्टाऊ। यसलाई सुन्नुहोस्। यो पावल हो। अब, उनी यस मण्डलीसंग सिद्धतामा जान पर्थ्यो। पावलले यसलाई इसाईहरुमा संबोधन गर्दैछन्। कतिजना यहाँ भित्र इसाईहरु हुनुहुन्छ? आउनुहोस् तपाईहरुको हात हेरौ।[सभाले भन्छ, "आमेन।"—सम्पा।] ठिक छ। यो शिशुहरुको लागि होइन, अब। यो तिनीहरुको लागि हो जसले मासु खाना सक्छ। अब, १ अध्याय, हेर्नुहोस् उनले यो कसलाई संबोधन गरेका छन्।

> *परमेश्वरको इच्छाद्वारा ख्रीष्ट येशूको प्रेरित* (त्यो पठाईएको हो) *पावलबाट,...* (विशपबाट नियुक्त होइन, संस्थाबाट नियुक्त होइन) *ख्रीष्ट येशूमा विश्वासी एफिससमा भएका सन्तहरुलाई* (त्यो पवित्र पारिएकाहरु, या सन्तगण) *र ख्रीष्टमा विश्वासयोग*

172 कसलाई थियो जुन उनले संबोधन गरिरहेका थिए? तिनीहरु जो पहिले नै मण्डलीमा थिए। जब तपाई ख्रीष्टमा हुनुहुन्छ, तपाई उहाँको शरीरमा हुनुहुन्छ। के त्यो सहि हो? [सभाले भन्छ, "आमेन।"—सम्पा।] तब तपाई मण्डलीको सदस्यहरु हुनुहुन्छ।

> *हाम्रा परमेश्वर पिता र हाम्रा प्रभु येशू ख्रीष्टबाट अनुग्रह र शान्ति।*
>
> *हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरुमा हरेक आत्मिक आशिषले ख्रीष्ट* येशूमा *आशीर्वाद दिनुभएको छ।*

173 उहाँले यो कसरी गर्नुभयो? उहाँले के गर्नुभयो? तिनीहरु यर्दनमा पुगेका छन्। तिनीहरु प्रतिज्ञाको देशमा पार् गरे, र तिनीहरु ख्रीष्ट येशूमा स्वर्गीय स्थानहरुमा वास गर्दैथिए। यहाँ यो छ। "हामीलाई संगै स्वर्गीय स्थानहरुमा आशिष दिनुभयो।" वचनको शिक्षा, मण्डलीको जसरी, बोलाएर निकालिएकाहरु जो ख्रीष्ट येशूमा छन्। "जसरी हामीहरु स्वर्गीय स्थानहरुमा संगै बसिरहेका छौ।" मण्डली जसरी, जब हामी ख्रीष्ट येशूमा जन्मियौ। "सन्तहरु, बोलाईएकाहरु," ओ, प्रभु, कसैलाई उनले ले केहि

कुरा सिकाउन सक्थ्यो। कोरिन्थीसंग यति धेरै समस्या भयो, तर यो मण्डली संग भएन। उनले तिनीहरुलाई महान् कुराहरु सिकौना सक्थे। ठिक छ।

*हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस्, जसले हामीलाई स्वर्गीय स्थानहरुमा हरेक आत्मिक आत्मिक आशिषले...*

मेरो अन्तिम दुइटा संदेशहरु याद गर्नुहोस्

*...आत्मिक आशिषले ख्रीष्टमा आशीर्वाद दिनुभएको छ*

*अनुसार...*

सुन्नुहोस्। यसले तपाईलाई चकित पारोस्।

*उत्पत्ति हुनभन्दा अघिबाटै उहाले हामीलाई चुन्नुभयो* (भूत काल)

"अन्तिम जागृतिमा" के मैले त्यो पढे? [सभाले भन्छ, "छैन।"—सम्पा]

*उहाको सम्मुने पवित्र र निष्कलंक होऔ भनेर संसारको...* (यहाँ हेर्नुहोस्) *...उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो।*

नियुक्त *गर्नुभयो...*

174 हामीले के गर्यौं? केहि गरेनौ। उहाँले के गर्नुभयो त्यो म हेर्दै छु। उहाँले कहिले गर्नुभयो? हामीलाई चुन्नुभयो, हाम्रा नाउँहरु उहाको पुस्तकमा राख्नुभयो, उहाँको मण्डलीको पुस्तकमा, यो रहस्यमय शरीरको सदस्य बन्नको लागि, संसार बनिनुभन्दा अगाडि चुन्नुभयो।

उहाँको *इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो*

175 ह्यु! तपाई त्यस मण्डलीमा हुनुपर्दछ, भाई, यदि तपाई सक्षम हुनुभयो भने, किनकि उहाँ मण्डलीको लागि आउदै हुनुहुन्छ। कुन खालको मण्डली? "एउटा मण्डली जो दाग रहित, चाउरी नपरेको छ।" हामी कसरी त्यो हुनसक्छौ? ख्रीष्टमा मृत हुनाले, उहाँको रहस्यमय शरीरमा पवित्र आत्माद्वारा बप्तिष्मा भएर, र परमेश्वरको पुत्रको एउटा रगत प्रायश्चित

दिनको हरेक घडि त्यहाँ हाम्रो निम्ति रहिरहेको छ। “दोष रहित भेट्टाएको” त्यो मण्डली हो, “दाग रहित, या चाउरी नपरेको।” उहाँले हामीलाई उहाँमा चुन्नुभयो, र हाम्रो नाउँहरु उहाको पुस्तकमा राख्नुभयो।

बाईबलले भनेको छ, कि, “येशू ख्रीष्ट नै मारिनुभएको थूमा हुनुहुन्थ्यो...” उन्नाईस सय वर्ष अगाडि? कति दूर? “थूमा जो संसारको उत्पत्ति हुनभन्दा अगाडि मारिनुभएको थियो।”

176 जब, “परमेश्वर” बाईबलमा, उत्पत्तिमा वचन, उत्पत्ति १ ले भन्छ, “आदिमा परमेश्वर...” त्यो नाउँ *परमेश्वर* हिब्रूमा लिनुहोस्, र हेर्नुहोस् त्यसको अर्थ के हो। यो *एल, एला, एलोहिम* भनि अक्ष विन्यास हुन्छ, जसको अर्थ हो “सर्व, स्व–उपस्थित, सर्वेसर्व, शक्तिशाली।” त्यहाँ उहाँ भन्दा अगाडि केहि पनि थिएन। त्यहाँ कुनै वायु थिएन। त्यहाँ कुनै ताराहरु थिएन। त्यहाँ कुनै ओबानो थिएन। त्यहाँ कुनै वायुमण्डल थिएन। त्यहाँ कुनै परमाणुहरु थिएन। त्यहाँ कुनै अणुकणिकाहरु थिएन। त्यहाँ त्यो भन्दा पहिले केहि पनि थिएन। त्यो परमेश्वर हुनुहुन्थ्यो, अनन्त। र उहाँ भित्र गुणहरु थियो, एउटा मुक्तिदाता हुने गुण, एउटा पिता हुने गुण, एउटा परमेश्वर हुने गुण थियो। त्यहाँ उहाँ परमेश्वर हुनुहुन्न थियो, त्यसबेला। उहाँ परमेश्वर हुनुहुन्थ्यो, तर त्यहाँ केहि पनि कुरा थिएन, कुनै आराधना थिएन। त्यसैले, *परमेश्वर* “पुजनीय वस्तु” हो, र त्यहाँ उहाँलाई पुज्ने कुनै पनि वस्तु थिएन। त्यसैले उहाँमा त्यो हुने गुण थियो, एउटा उद्धारकर्ता हुने, एउटा चंगाईकर्ता हुने, ती सबै थोक हुने गुण जुन उहाँ हुनुहुन्थ्यो।

177 त्यसैले पहिलो कुरा जुन उहाँले सृष्टि गर्नुभयो। अब, तपाईहरु मध्ये कतिले मेरो उत्पत्तिको कथाको बारेमा जान्न चाहनुहुन्छ। परमेश्वरले भन्नुभयो, “आओ हाम्रै स्वरूपमा मानिसलाई बनाऔं।” पहिलो कुरा जुन उहाले सृष्टि गर्नुभयो ती स्वर्गदुतहरु थिए, उहाँको आराधना गर्नको निम्ति, उहाँ परमेश्वर बन्नुभयो। त्यसपछि जब उहाँले भन्नुभयो, “आओ मानिसहरुलाई हाम्रो प्रतिरूपमा बनाऔ,” के खालको मानिस उहाँले बनाउनुभयो? आत्मिक मानिस। त्यसपछि, जब उहाँले त्यो मानिस बनाउनुभयो, उहाँले त्यसलाई प्रभुत्व दिनुभयो। त्यसपछि उहाले मानिसलाई पृथ्वीको माटोबाट बनाउनुभयो। त्यसपछि ऊ गिर्यो; त्यसपछि परमेश्वरले एउटा मुक्तिदाता बन्नुभयो। एउटा परमेश्वर, त्यसपछि एउटा उद्धारकर्ता। पापले बिमार ल्यायो, त्यसपछि उहाँ एउटा चंगाईकर्ता

बन्नुभयो। हाल्लेलुयाह! त्यहाँ केहि पनि गलत गएको थिएन। परमेश्वरलाई यसको बारेमा सबै पहिले नै थाहा थियो, संसार बन्नुभन्दा पहिले नै। उहाँलाई थाहा थियो कि आज राति हाम्रो यहाँ सभा हुनेछ भनि। उहाँलाई हरेक साना भुसुना किराहरु थियो जुन पृथ्वीमा छ, र कतिसम्म घिउ त्यसले बनाउछ उहाँलाई थाहा थियो, र कति पटक त्यसले आफ्नो आँखा झिम्क्याउछ सबै उहाँलाई थाहा थियो। उहाँ अथाह परमेश्वर हुनुहुन्छ। उहाँलाई सबै कुरा थाहा छ। आमेन। के तपाई खुसी हुनुहुन्न, आज राति कि तपाईको नाउँ पुस्तकमा लेखिएको थियो? [सभाले भन्छ, "आमेन"—सम्पा]

म कति सुन्दर विचार सोचिरहेको छु
एउटा महान् बुट्टेदार चराको बारेमा,
र तिनीहरु भन्छन् उनको नाउँ परमेश्वरको पवित्र
वचनको पानाहरुमा लेखिएको छ।

अन्य सबै पंछिहरु उनको वरीपरी उडिरहेका छन्,
उनी तिनीहरु सबैबाट घृणा गरिएकि छिन्।

178 त्यो बुट्टेदार चरा को थिईन्? म त्यस व्यक्ति भन्दा फरक मान्छु जसले यो गलत हो भनेको थियो। बाईबलको बुट्टेदार चरा के थियो? त्यो इस्राएल थिएन, जस्तो तिनीहरुले भनेका थियो इस्राएल हो भने। त्यो येशू ख्रीष्टको मण्डली थियो।

एउटा पाप–बलिको लागि, तिनीहरुले के गरे? तिनीहरुले ढुकुर लिए, त्यसको शिर छिनायो र उल्टाएरा राखिदियो, र जीवन–साथीको मा रगत झारीदियो, र जीवन साथीलाई फुकाईदियो। र जीवन साथी, मरेको जीवन साथीको रगतबाट छिर्कायो, जसै त्यो पखेटाद्वारा उड्यो पृथ्वीभरी छिर्काउदै गयो। र रगतले पृथ्वीमा छिर्काउदै गयो, चिच्याउदै, "पवित्र, पवित्र, पवित्र, प्रभुलाई! पवित्र, पवित्र, पवित्र प्रभुलाई!"

179 यो ख्रीष्टको चित्रण थियो। र महान् बुट्टेदार चराचाहि मण्डली हो जो आफ्नो मरेको जीवनसाथीद्वारा रगतले छिर्काएको थियो, उद्धारकर्ता, येशू ख्रीष्टद्वारा। र उनी संसार पार गर्दैछिन् आज, आफ्नो पखेटा फटफटाउदै, चिच्याउदै, "पवित्र, पवित्र, पवित्र प्रभुलाई!" आमेन! म यति खुसी छु कि म उनको बारेमा जान्दछु। म खुसी छु कि मेरो नाउँ उनको पुस्तकमा छ, मेरो भलाईद्वारा राखिएको होइन; होइन, श्रीमान्, म त्यहाँ कहिल्यै हुनसक्दिन, या त भलाईद्वारा त्यहाँ हुन सक्नुहुन्न। तर परमेश्वरको भलाई

र कृपाद्वारा, संसारको जग बसालिनुभन्दा पहिले नै उहाँको पुस्तकमा हाम्रो नाउँहरु राखियो।

180 मण्डलीको पहिचान के हो? उनी के हुन पर्ने हो? उनी के थिईन्? यो के हो? बोलाएर–निकालिएको समूह।

कसले यसलाई स्थापित गर्यो? येशू ख्रीष्ट। एउटा बिशपले होइन, क्याथोलिक मण्डलीले होइन, मेथोडिष्टले होइन, लुथरले होइन, वेस्लीले होइन। होइन, श्रीमान्। कसले यो बनायो? येशू ख्रीष्टले।

यसको संदेश के हो? पश्चाताप, पानीको बप्तिष्मा, पवित्र आत्माको बप्तिष्मा, इश्वरीय चंगाई, मुक्ति।

हामी कसरी यसको सदस्य बन्दछौ? यसमा जन्मिएर।

के हामी यो बिना स्वर्गमा जान सक्छौ? सक्दैनौ, श्रीमान्। "तिनीहरु जो ख्रीष्टमा मरेका छन् परमेश्वरले आफुसंगै फेरी ल्याउनुहुनेछ," र अरु कोहि होइन तर ख्रीष्टमा मरेकाहरु। येशू तिनीहरुको लागि आउदैहुनुहुन्छ जो ख्रीष्टमा मरेका छन्। एफिसी ४, अध्यायले भन्छ कि...होइन। गलाती, मलाई लाग्छ यो हो, ४ अध्याय। भन्छ, कि, "तिनीहरु जो ख्रीष्टमा मरेका छन् परमेश्वरले तिनीहरुलाई फेरी जीवित पार्नुहुनेछ। तिनीहरु जो ख्रीष्टमा मरेका छन् परमेश्वरले तिनीहरुलाई आफुसंगै जीवित ल्याउनुहुनेछ।"

181 अब, त्यसैकारणले, उनी एउटा बोलाएर–निकालिएको समूह, एउटा रहस्यमय शरीर। परमेश्वरले यसलाई ठिक क्रममा राख्नुभयो। उहाँ मर्नुभन्दा पहिले, उहाँले यो आउदैछ भनि भन्नुभएको थियो, उहाँले भन्नुभयो, "म आउनेछु र शासन क्षेत्रमा राजा हुनेछु। केही समय पछि बाटै मलाई संसारमा मान्छेहरूले फेरि देख्नेछैन। तर तिमीहरूले मलाई देख्नेछौं। तिमीहरू जिउनेछौं किनभने म जिउदछु। संसारको राज्यसंग तिमीहरुको कुनै संबन्ध छैन।"

182 त्यहि नै कारणले तिनीहरु त्यस्तो अन्योलतामा छन्, जसलाई "बेबिलोन" भनिन्छ। एउटाले भन्छ, "ठिक, धन्य परमेश्वर, म प्रेस्बिटेरियन हुँ। म मेथोडिष्ट हुँ। धन्य परमेश्वर, म..."

परमेश्वर धन्यको हुनुहुन्छ, म एउटा इसाई हुँ। आमेन। त्यहि नै हो। म हुँ भनेर मलाई कसरी थाहा भयो? "विश्वासीमा यी चिन्हहरु हुनेछन्।" बुझ्नुभयो? त्यो तपाईको पहिचानको पत्र हो। यो भन्ने होइन, "एक मिनेट

पर्खनुस्, मलाई लाग्छ मसंग मेरो मण्डलीको आराधनाको कार्ड छ।" होइन। म संग कुनै छैन। मेरो त त्यहाँ माथि छ। मैले यो एउटा यहाँ तल गुमाउन सकूला। तर उहाँले मलाई भन्नुभएको छ, "संसारको शुरूवातभन्दा पहिले," उहाँले मलाई मेरो पहिचानको पत्र दिनुभएको छ, ती सबैलाई दिनुभएको छ जो परमेश्वरको राज्यमा आउदछ। यो स्वर्गमा राखिएको छ, त्यसैले साक्षीहरु सिधा छन्। म यति धेरै खुसी छु। म...

183 कसैले भनेको थियो, "मैले परमेश्वरलाई देखेको छु। मैले परमेश्वरलाई देखेको छु।" त्यो बाईबलसंग बेमेल छ। यो परमेश्वर हुनुहुन्छ जसले तपाईलाई खोजिरहनुभएको छ, तपाईले परमेश्वरलाई खोज्नुभएको होइन। परमेश्वर अदनको बगैंचाको तल–र–माथि कराउदै, "आदम, त कहाँ छस्?" भन्दै हुनुहुन्थ्यो, आदमले, "परमेश्वर, तपाई कहाँ हुनुहुन्छ?" भनेर खोजिरहेका थिएनन्। त्यो त परमेश्वर हुनुहुन्थ्यो जसले, "आदम, तँ कहाँ छस्?" भनेर कराउनुभएको थियो।

184 ओ, म कति खुसी छु कि म उनको एउटा सदस्य हुँ। के तपाई हुनुहुन्न? [सभाले भन्छ, "आमेन।"—सम्पा] म यो महान् मण्डलीको लागि धेरै खुसी छु। म तपाईलाई लामो बेरसम्म राखेकोमा क्षमाप्रार्थी छु। तर के तपाई यो महान् मण्डलीमा विश्वास गर्नुहुन्छ? ["आमेन।"] तपाईले यो विश्वास गर्नुहुन्छ? ["आमेन।"] के तपाई यो रहस्यमय शरीरमा विश्वास गर्नुहुन्छ? ["आमेन।"]

185 अब, तपाई क्याथोलिक मानिसहरु, एउटा मात्र कुरा जुन तपाईले यसको सदस्य बन्नको लागि गर्नुपर्छ त्यो येशू ख्रीष्टलाई स्वीकार गर्ने र आत्माबाट जन्मने हो। तपाई ब्याप्टिष्ट, तपाई मेथोडिष्ट, प्रेस्बिटेरियन, लूथरन, जो कोहि पनि तपाई हुनुहुन्छ, यहाँ सुन्नुहोस्। यो नसोच्नुहोस् कि म पेन्टिकोष्टलहरुको लागि उठिरहेको छु। उनीहरु उत्तिकै पेन्टिकोष्टल पाखण्डी छन् जति त्यहाँ अन्य मण्डलीमा छन्। त्यो वास्तवमै सहि हो। तिनीहरु केवाल नाम र कामबाट आउदछन्। त्यहि नै सब हो। तर, अधिकार, यो तिनीहरुसंग छैन। त्यही सहि हो। किनभने, जब तपाई आत्माबाट जन्मनुहुन्छ, तपाई एउटा नया सृष्टि बन्नुहुन्छ, र तब परमेश्वरले तपाईसंग छोराहरुको रूपमा कार्य गर्न थाल्नुहुन्छ, र तपाई परमेश्वरको आत्माद्वारा अगुवाई हुन्छ। जुन सुकै संस्थाबाट तपाई भए तापनि केहि फरक पर्दैन, त्यसमा कुनै...त्यो केवल एउटा सानो, पुरानो संसारिक रिति

हो, जुन टलेर जादैछ। तर तपाई यो महान् रहस्यमय ख्रीष्टको शरीरको एउटा सदस्य हुनुहुन्छ? [सभाले भन्छ, "आमेन।"—सम्पा।] यदि हुनुहुन्न भने, आज राति तपाईले यो प्राप्त गर्नुभएको होस्, जसै हामी आफ्ना शिरहरु प्रार्थनाको क्षणको लागि झुकाउनेछौ।

186 हामीले यहाँ सोच्दै गर्दा अहिले, के त्यहाँ कोहि हुनुहुन्छ जसले आफ्नो हात उठाउनुहुनेछ? र भन्नुहुन्छ, "परमेश्वर, म मेरो तपाईमा उठाउदछु, मलाई आजराति यस मण्डलीको सदस्य बनाउनुहोस्। मलाई जन्म दिनुहोस्, कि यो मेरो हुन सकोस्। के तपाईले मलाई बोलाउनुभएको छ, प्रभु? म यस मण्डलीको एउटा सदस्य बन्न चाहन्छु। म यी संसारिक कुनै संस्थासंग सम्बन्धित छु, तर म संग अनुभव छैन। म संग भूत आत्मालाई धपाउने र यी कुराहरु गर्ने शक्ति छैन जुन तपाईले विश्वासीमा हुनेछ भनि भन्नुभएको थियो। मैले त्यो अझैसम्म पनि प्राप्त गरेको छुइन, प्रभु। र तपाईले भन्नुभएको थियो चिन्हहरु हुनेछ...(*हुनेछ* को अर्थ तपाईमा हुनेछ) मलाई शक्ति दिनुहोस्, प्रभु।"

187 परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। परमेश्वरले तपाईलाई, र तपाईलाई र तपाईलाई आशिष दिनुभएको होस्। तपाईहरु सबै जसले आफ्नो हात उठाउनुभएको छ, परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस् र यस महान् मण्डलीको एउटा सदस्य बन्नको निम्ति त्यो शक्ति दिनुभएको होस्। अरु कोहि हुनुहुन्छ, हामीले प्रार्थना गर्नुभन्दा अगाडि? परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस् युवती। परमेश्वरले तपाईलाई आशिष दिऊन्, बहिनी। परमेश्वरले तपाईलाई आशिष दिऊन्। हो, मैले तपाईको हातहरु त्यहाँ पछाडि देखिरहेको छु। यहानिर परमेश्वरले आशिष दिनुभएको होस्; मैले तपाईको हात देख्नसक्छु, छोरा। तपाईको हात पनि देखिरहेको छु, भाई। हो, परमेश्वरले आशिष दिऊन् तपाईलाई; र तपाईलाई पनि, त्यहाँको सानो नानीलाई पनि, एउटा सानी केटिलाई। परमेश्वरले तपाईलाई आशिष दिऊन्। अरु कोहि हुनुहुन्छ, केवल तपाईको हात उठाउनुहोस्। परमेश्वरले यहाँ बसिरहनु भएको यस बहिनीलाई आशिष दिऊन्। "म एउटा सदस्य बन्न चाहन्छु। आज राति जसै म यस भवनबाट बाहिर जान्छु उहाँको रगत ममा भएको म चाहन्छु, ताकि म बाहिर जान सकूँ र मेरो जीवनले कराउन सकोस्, 'पवित्र प्रभुलाई।'" परमेश्वरले पछाडि त्यहाँ छोरालाई आशिष दिनुभएको होस्। परमेश्वरले तपाईलाई आशिषहरु

प्रदान गर्नुभएको होस्। अब अरु कोहि हुनुहुन्छ? आफ्नो हात उचाल्नुहोस। कसैले भन्छ, “परमेश्वर, ममाथि कृपालु हुनुहोस्।”

188 हामीले यो गीत गाउदै गर्दा यदि तपाई प्रार्थनाको शब्दको लागि वेदिसम्म आउन चाहनुहुन्छ भने:

घर आऊ, घर आऊ,<br>
तिमी जो थाकेका छौ, घर आऊ

189 यदि तपाई आफ्नो परिस्थितिको बारेमा अनिश्चित हुनुहुन्छ भने, म तपाईलाई आएर प्रार्थना गर्नको निम्ति निमन्त्रण गर्दछु।

हामीले प्रार्थना गर्दै गर्दा:

कोमल र नम्रताका साथ येशूले बोलाईरहनुभएको छ,<br>
बोलाईरहनुभएको छ तिमी र मेरो लागि,<br>
द्वारमा हेर्नुहोस् उहाले पर्खिदै र हेर्दै हुनुहुन्छ,<br>
हेर्दै हुनुहुन्छ तिमी र मेरो लागि।

आऊ…घर आऊ,<br>
तिमी जो थाकेका छौ, घर आऊ;<br>
कोमलता, नम्रताका साथ येशूले बोलाउदै हुनुहुन्छ,<br>
बोलाउदै हुनुहुन्छ, ओ पापमा भएकाहरु, घर आऊ!

आउनुहोस् यसलाई अहिले हामी गुनगुनाऔं।

हामी किन बसीरहन्छौ…

[भाई ब्रन्हामले गुनगुनाउनु हुन्छ—सम्पा।]

190 एक जना वृद्धा महिला प्रार्थनाको लागि अगाडि आउनुभएको छ। के त्यहाँ कोहि हुनुहुन्छ जो आएर आज राति केहि बेरको प्रार्थना गर्नुहुन्छ?

हामीले पाप गरेका भए तापनि, उहाँसंग दया र क्षमा छ,<br>
क्षमा तिमी र मेरो निम्ति।<br>
आऊ…घर आऊ, आऊ…

191 के तपाई साना नानीहरु थोरै त्यता पट्टि सर्नसक्नुहुन्छ? सानी केटिहरु, ठिक यहाँ आउनुस्। छोरा, तिमी अलिकति त्यता तिर सरिदिनु।

...तिमी जो थाकेका छौ, घर आऊ;
कोमलता, नम्रताका साथ येशूले बोलाउदै हुनुहुन्छ,
बोलाउदै हुनुहुन्छ, ओ पापमा भएकाहरु, घर आऊ!

घर आऊ, घर आऊ,
तिमी जो थाकेका छौ, घर आऊ;
कोमलता, नम्रताका साथ येशूले बोलाउदै हुनुहुन्छ,
बोलाउदै हुनुहुन्छ, ओ पापमा भएकाहरु, आऊ...

192 के हुन्छ यदि तपाईलाई थाहा छ, कि भोलि यसै समयमा, यो देश ध्वस्त हुनेछ? हामी दयनिय समयमा जिईरहेका छौ...आज तपाईले ख्रीष्टभन्दा बाहिर केहिमा पनि आशा राख्न सक्नुहुन्न। र तपाई किन जोखिम लिन चाहनुहुन्छ र, तपाईले किन त्यो प्राणमा जोखिम लिनुहुन्छ र, जसलाई परमेश्वरले आफ्नै पुत्रको रगतद्वारा किन्नुभएको छ? तपाईले किन आफ्नो जीवन उहालाई दिन चाहनुहुन्न र? तपाईले के गुमाउनुहुन्छ र? सबै कुरा पाउनुहुन्छ।

193 तपाईले भन्नुहुन्छ, "अँ, म यसमा विश्वास गर्दिन।"

ठिक छ, बाईबालले तपाईलाई तपाई मूर्ख हुनुहुन्छ भन्छ। जब सूर्य अस्ताउदै थिय्यो, उ हास्दै थियो र रमाइलो गर्दैथ्यो; जब सूर्य उदायो, उ नरकमा थियो। तपाईले किन त्यस व्यक्तिले जस्तो मौका दिनुहुन्छ र? तपाई किन आउनुहुन्न, र ख्रीष्टलाई आफ्नो जीवन दिनुहुन्न? आउनुहोस्... मैले तपाईलाई चेतावनी दिईरहेको होइन। मैले तपाईलाई धम्कि दिएको पनि होइन। मैले केवल तपाईलमा तथ्य राखिदिएको हुँ। तपाई नया गरी नजन्मेसम्म, तपाईले त्यो गुमाउनुहुनेछ। जीवन तपाईको लागि के राम्रो भएको छ? केवल यो सबै एउटा निराशाको थुप्रो मात्र भएको छ। तपाई आएर किन केहि त्यस्तो कुरा खोज्नुहुन्न जुन अनन्त छ? केहि त्यस्तो कुरा समाउनुहुन्न जुन वास्तविक छ।

194 फेरी हामी गाउदै गर्दा, यहाँ दुइ या तिनजना वरपर हुनुहुन्छ। के तपाई फेरी पनि एकपटक आउनुहुन्न?

कोमलता, नम्रताका साथ येशूले बोलाउदै हुनुहुन्छ,
बोलाउदै हुनुहुन्छ, ओ पापमा भएकाहरु, घर आऊ

...आऊ...आऊ (यो तपाईको प्राण हो। तपाईले फेरी पनि यसको बारेमा कहिल्यै पनि महसूस नसक्नुहोला)
तिमी जो...घर आऊ; (हे, साना केटाहरु, के तिमीहरु सबै यहाँ आउँनसक्छौ, माथि यहाँ आऊ? अ–ह)
कोमलता, नम्र–...(यहाँ आऊ, छोरा...?...)
...शूले बोलाउदै हुनुहुन्छ, ओ पापमा भएकाहरु (ठिक यहाँनिर आऊ, छोरा) घर आऊ!

घर आऊ...(के तपाईले आफ्नो बाटो माथि बनाउनुहुन्न?) ...घर
तिमीहरु जो थाकेका छौ, घर आऊ (ठिक यहाँनिर आऊ, छोरा। यहाँ आऊ, मेरो मेचमा बस...?... मेरो मेचमा बस...?...)
...नम्रतामा, येशूले बोलाउदै हुनुहुन्छ,
बोलाउदै हुनुहुन्छ, ओ पापमा भएकाहरु, आऊ...

195 म तपाईलाई एउटा प्रश्न सोध्न चाहन्छु: के तपाई उहासंगै हुनुहुन्छ? के तपाई उहाँलाई त्याग्नुहुनेछ? के तपाई पिलातासले झैँ भन्नुहुनेछ, “मलाई केहि पानी ल्याओ, यो सभाबाट म मेरो हात धुनेछु?” तपाईले त्यसो गर्न मिल्दैन। यो तपाईको हातमा छ। यो केवल तपाईको हातमा मात्रै छैन, यो तपाईको हृदयमा पनि छ। यो तपाईको विवेकमा छ। तपाईको बाकि रहेको जीवन तपाई यो संगै जिउनपर्नेछ। यसलाई धुन नखोज्नुहोस्। तपाईले पिलातासले गरेको जस्तो गर्नुहुनेछ: कुनै दिन आत्महत्या गर्नुहुनेछ, आफ्नो हातबाट निकाल्ने प्रयासमा। त्यसो नगर्नुस्। आउनुस्, अब।

196 फेरी एकपटक। र हामीले बोलाउदै गर्दा, कोहि पुरुष आउन दिनुहोस्, असल इसाई भाईलाई, तपाई केहि सेवकहरु यी मानिसहरुको साथबाट आउनुहोस्। तपाई मध्ये केहि बहिनीहरु जसलाई मानिसहरुसंग कसरी बोल्ने आउछ, आउनुहोस् र घुडा टेक्नुहोस्। केवल उहाँहरुसंग प्रार्थना गर्नुहोस्, देखाउनुहोस् तपाईहरु त्यसमा इच्छुक हुनुहुन्छ, त्यसैबेला हामी आउदै गर्छौं।

घर आऊ...घर

(भाई नेभिल, यदि तपाईको इच्छा भए, सेवा तपाईले लिनुहोस्।)

...थाकेका छौ, घर आऊ;
कोमलता, नम्रताका साथ येशूले बोलाउदै हुनुहुन्छ,
बोलाउदै हुनुहुन्छ, ओ पापमा भएकाहरु, घर आऊ!

197 आउनुहोस् प्रार्थनाको लागि हाम्रो शिरहरु झुकाऔ...?...अब हाम्रो शिरहरु झुकाऔ, र प्रार्थना गरौ।

प्रभु, हामी तपाईकहाँ यी प्रायश्चित गर्नेहरुलाई ल्याउदछौ। हुनसकोस् तपाईको आत्माले, प्रभु, तिनीहरुको हृदयभित्रको आगोलाई समातेको होस्, तिनीहरुमा गहिरो चाहनाहरु दिएको होस्, र अझै धेरै, तिनीहरुले येशू ख्रीष्टलाई देख्न सकेका होऊन्, आफ्नो मुक्तिदातालाई, जसले तिनीहरुको निम्ति तिनीहरुलाई नया सृष्टि बनाउनको निम्ति रगत बगाउनुभयो र मर्नुभयो। प्रदान गर्नुहोस्, प्रभु।

198 हामी जान्दछौ कि धर्मशास्त्रले तपाईलाई विश्वास गर्ने सहि तरिका दिएको छ। यो जान्दै कि यी जो आएका छन्, तपाईले कुनै पनि हालतमा तिनीहरुलाई नकार्नु हुदैन। तपाईले एउटा प्रतिज्ञा गर्नुभएको छ। तपाईको प्रतिज्ञाहरु सत्य छन्: "जसले मेरो वचन सुन्छ, र मलाई पठाउनुहुने माथि विश्वास गर्दछ, त्यसमा अनन्त जीवन रहन्छ, र कहिल्यै पनि न्यायमा पर्नेछैन तर मृत्युबाट जीवनमा पार गरेको छ।"

199 जवान र बुढा, तिनीहरुलाई एकसमान प्रभु, पवित्र आत्मा दिनुहोस्। प्रभु यसलाई प्रदान गर्नुहोस्। हामी यसलाई येशूको नाउँमा, उहाको खातिर माग्दछौ।

...घर आऊ, घर आऊ
तिमी जो थाकेका छौ...घर;
...नम्रताका साथ, येशूले बोलाउनुहुन्छ...
बोलाउदै हुनुहुन्छ, ओ पापमा भएकाहरु, घर आऊ

सबैजना प्रार्थनामा हुनुहोस अब, एक क्षणको लागि।

[भाई ब्रन्हामले गुनगुनाउनुहुन्छ—सम्पा]

तिनीहरुको पाप स्वीकार्न दिनुहोस्...

***जीवित परमेश्वरको सत्य मण्डलीको पाँच निश्चित पहिचानहरू*** NEP60-0911E

(Five Definite Identifications Of The True Church Of The Living God)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा आईतबार साँझ, सेप्टेम्बर 11, 1960, ब्रन्हाम टेबरनेकल, जेफरसनभिल, इन्डियाना, यु.एस.ए मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट-छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2021 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



Voice Of God Recordings

P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.

www.branham.org